# अध्याय एक

## परिचय (Introduction)

### १.१ भूमिका (Backgound)

नेपालमा पूर्व मेची देखि पश्चिम महाकालीसम्म विभिन्न जातजातिहरू बसोबास गर्दछन् । यिनीहरूका आफ्नै मूल्य मान्यता र सनातन धर्म तथा मातृभाषाहरु छन् । यिनीहरू मध्ये तामाङ जातिको मुख्य थलो पूर्वमा सुनकोसी र लिखु खोलाको ईलाका, दक्षिणमा महाभारतको पर्वतसम्म, पश्चिममा बुढी गण्डकी र त्रिसुली नदी बीचको गणेश हिमालको दक्षिणी भागका साथै तराईका केहि भागहरूमा रहेको पाईन्छ । छिट फुट रूपमा नेपालको पहाडी तथा भित्री मधेशमा पर्ने केहि जिल्लाहरूमा पनि तामाङहरूको बस्ती भेटिन्छ । यसरी नेपालका विभिन्न ठाउँहरूमा छरिएर रहेका तामाङहरूका आर्थिक तथा शैक्षिक अवस्था भने अन्य जातिको तुलनामा कमजोर रहेको पाइन्छ (तामाङ, २०६५) ।

तामाङको खास वासस्थान काठमाडौं वरिपरि नै रहेको देखिन्छ । यद्यपि तामाङ जाति काठमाडौंदेखि दार्जिलिङ्गसम्म छरिएर रहेको पाइन्छ । यसै सिलसिलामा तामाङहरू पश्चिमको १ नं. तिर बढी मात्रामा रहेका छन् । गुरुङहरूसँग यिनीहरू मिसिएर बसेका छन् । सँगसँगै बसोबास गरेका हुनाले तामाङ र गुरुङको रहनसहन पनि मिल्दोजुल्दो पाइन्छ । गुरुङहरू मध्ये पनि घले गुरुङहरूसँग बढी मिलेको पाइन्छ । एक आपसमा मिलेर रहेता पनि उनीहरूको संस्कृति भने छुट्टाछुट्टै पाइन्छ । तामाङहरू गोर्खातिर बसेका हुनाले गुरुङ्ग कुरा राम्ररी बोल्दछन् । तामाङ र गुरुङलाई मिसाएर एक ठाउँमा राखेमा एक अर्कालाई छुट्टाउन गाह्रो पर्दछ । १९४३ मा भएको गोरखाको सर्वेक्षणमा तामाङहरूको घनाबस्ती गोरखा, लमजुङ्गको पश्चिम १ नं. मा र गोरखाकै उत्तरी भागमा बढी घनत्वको साथ बस्ती पाइयो । यसका साथै गोरखाको लमजुङ्ग उत्तर दाङ्गगडीमा र गोरखाको कालि गण्डकीको आरुघाटमा घना बस्ती पाइयो । गोरखा र लमजुङ्गमा पनि सानो बस्ती बनाएर बसेका छन् भने अरु ठाउँमा पनि छरिएर रहेका छन् (मोरीसको, १९४७) ।

तामाङ जाति मङ्गोल मूलका मानिन्छन् । काठमाडौं उपत्यकामा चीनबाट आफ्ना शिष्यहरूका साथ आएका मञ्जुश्रीले चोभार डाँडा काटी उपत्यकाको पानी बाहिर पठाई बस्ती बसाएको कुरा नेपालका विभिन्न इतिहासहरूमा उल्लेख गरेका पाइन्छ । यो कथनलाई

एशियाका पुरातत्वविद डा. एनातोलि थाकावलेभ शेन्टेन्कोले २०३४ सालमा बुढानिलकण्ठको पूर्व दक्षिणतिरको धोवी खोलामा पुरातात्विक अवशेषहरूको खोजी गर्दा ईसा पूर्व ३० हजार बर्ष भन्दा अगाडिका मङ्गोलियन नमूनाका ढुङ्गे हतियारहरू फेला पारेको तथ्यले आफ्नो उपत्यकामा मङ्गोल जातिका मानिसहरू उत्तरतिरबाट आएर बसोवास गरेको कुरा पुष्टि हुन्छ । यसैले मङ्गोल मूलका तामाङहरूको उद्‌गम स्थानको बारेमा यकिन साथ भन्न नसकिएता पनि तामाङ जाति मङ्गोल मूलका चिनियाँ भोट बर्मेली भाषा परिवारका सदस्य हुन् भन्ने कुरामा सबै सहमत छन् (तामाङ, २०५५) ।

वि.सं २०१८ सालतिर नै झण्डै पाँच लाख बीस हजार जनसंख्या रहेका तामाङ जाति नेपालको प्रमुख जनजाति मध्ये एक रहेको छ । तामाङ जाति काठमाडौं उपत्यका र यसको छेउछाउमा छरिएर रहेको पाइन्छ । यस जातिको सातवटा जिल्लामा जिल्लागत बाहुल्यता रहेको छ जुन एउटा हिमाली, चारवटा पहाडी र दुई वटा भित्री मधेश क्षेत्रमा पर्दछन् । जस अर्न्तगत रसुवा, धादिङ, नुवाकोट, काभ्रे, सिन्धुपाल्चोक, मकवानपुर र सिन्धुली जिल्लामा तामाङको जनसंख्या बढी रहेको छ (तथ्याङ्क, २०५८) ।

नेपालमा तामाङहरूको कुल जनसंख्या १२,८२,३०४ (६.३%) रहेको छ । (जनगणना, २०५८) जस मध्ये ६१% गरिबीको रेखामुनि रहेको पाइन्छ भने शिक्षित तामाङको जनसंख्या ३४% मात्र रहेको पाइन्छ (चाइल्ड स्पेश फाउण्डेशन नेपाल, २०६०) ।

यिनीहरूले जिविकापार्जनको लागि मुख्य पेशा कृषि नै अपनाएको पाइएता पनि थोर बहुत तामाङ जाति बन्द व्यापार, सेना तथा प्रहरी, शिक्षण, वैदेशिक रोजगार आदिमा पनि सङ्लग्न रहेको पाइन्छ । यद्यपि उल्लेखित पेशाको विशिष्ट पदहरूमा उनीहरूको एकदमै न्यून उपस्थिति रहेको पाइन्छ । यस पछाडिको मूल कारण उनीहरूको शैक्षिक योग्यता र राज्यका महत्वपूर्ण पदहरूमा उचित पहुँचको अभाव नै रहेको देखिन्छ । (लामा, २०५९) को सर्वेक्षण अनुसार प्राविधिक, सरकारी, निजामती सेवा तथा गैर सरकारी क्षेत्रमा तामाङ जातिको उपस्थिति निम्न संख्यामा पाइन्छ । जसअनुसार राजनीतिक क्षेत्रमा १२ जना, साहित्य क्षेत्र तर्फ १० जना र खेलकुद क्षेत्रमा २० जना । यसै गरि न्याय तथा कानुन क्षेत्रमा ५ जना देखिन्छ भने विद्यावारिधी डिग्री गर्नेमा ८ जना, पत्रकारितामा २० जना, समाज सेवा तर्फ ८ जना, पाइलट ३ जना, प्रशासनतर्फ १४, चिकित्सक ७ जना, इन्जिनियर १५ जना, चलचित्र सङ्गीत तथा मनोरञ्जन क्षेत्रमा ३० जना, चार्टर एकाउन्टेन्ड मा ४ जना उद्यमी क्षेत्रमा २६ जना र सगरमाथा आरोहीहरू १४ जना छन् । माथिको

तथ्याङ्कले पनि यो कुरा पुष्टि गर्दछ कि तामाङ जातिहरूको राज्यका महत्वपूर्ण पदहरूमा साच्चिकै न्यून उपस्थिति छ ।

यसै सन्दर्भमा उदयपुर जिल्ला बर्रे गा.वि.स. पनि शैक्षिक तथा आर्थिक हिसाबले अति नै पछाडि परेको एक तामाङ जातिको बाहुल्यता रहेको ठाउँ हो ।

यस शोध पत्रको मूख्य उद्देश्य बर्रे गा.वि.स. का उल्लेखित वडाहरूलाई आधार मानी तामाङ जातिको समग्र राज्यका महत्वपूर्ण पदहरूमा न्यून उपस्थिति उक्त अवस्था सिर्जना हुनाको पछाडि रहेका कारणहरू पत्ता लगाउनका साथै आर्थिक पछौटेपनाले शैक्षिक उन्नति र प्रगतिलाई कसरी प्रभाव पार्न सक्दछन् भन्ने कुराको विश्लेषण गर्नु हो । उक्त उद्देश्य परिपूर्तिको लागि मैले उदयपुर जिल्ला बर्रे गा.वि.स. वडा नं १, ५ र ७ का तामाङ जातिहरूलाई लिएकी छु ।

## १.२ समस्याको कथन (Statement of Problem)

नेपालमा जनसंख्याको ठूलो हिस्सा ग्रामीण क्षेत्रमा बसोबास गर्छन् भने ती मध्ये पनि तामाङ जातिहरू बढी मात्रामा यस इलाकामा बसोबास गरिएको पाइन्छ । उनीहरूको सामाजिक, आर्थिक अवस्था कमजोर रहेको पाइन्छ । फलस्वरूप शैक्षिक अवस्था पनि कमजोर रहेको पाउँछौ । यस्ता सामाजिक रूपले पिछडिएका र आर्थिक रूपले विपन्न जनजाति भएकोले उनीहरूको बालबालिकाहरू शैक्षिक अवसरबाट बञ्चित रहेका छन् । नेपाल सरकारको नीति अनुसार गाउँगाउँमा र टोलटोलमा विद्यालयहरू स्थापना गरिएका छन् । तथापि यसरी विद्यालयको संख्या बढे पनि अन्य जातिहरूको तुलनामा तामाङ जातिको बालबालिकाहरूको विद्यालयमा सहभागी दर न्यून रहेको छ । अर्को तर्फ सामाजिक एवं जातिगत परम्पराको असर पनि शिक्षामा रहेको पाइन्छ । जसले गर्दा शिक्षा प्राप्ति समस्याको रूपमा देखिएको छ अर्थात अन्य जाति (ब्राम्हण, क्षेत्री) को शिक्षामा विशेष पहुँच रहेको पाइन्छ तर पिछडिएको तामाङ भने अझै पनि शिक्षामा यथेष्ट पहुँच रहेको पाइँदैन । यिनै समस्याहरूलाई ध्यानमा राखेर यस अध्ययनमा उदयपुर जिल्ला बर्रे गा.वि.स वडा नं. १, ५, ७ का तामाङहरूको आर्थिक पक्षहरू र ती पक्षहरूले शैक्षिक अवस्थामा पुऱ्याएका असरहरूका बारे अनुसन्धान गरिएको छ । अध्ययनको सिलसिलामा निम्न प्रश्नका उत्तरहरू खोज्ने प्रयास गरिएको छ ।

क) बर्रे गा.वि.स. का वडा नं १, ५ र ७ का तामाङहरूको आर्थिक अवस्था कस्तो छ ?

ख) यस गा.वि.स. को शैक्षिक अवस्था के कस्तो छ ?

ग) शैक्षिक प्रगतिमा आर्थिक पक्षहरूको कस्तो भूमिका छ ?

घ) तामाङको मूख्य पेशा के हो ?

ङ) तामाङ जातिको शिक्षामा कम सहभागिता हुनको कारण के हो ?

च) तामाङ जातिको समाजमा के कस्तो भूमिका छ ?

छ) तामाङ जातिको समस्या समाधान गर्न के कस्ता उपाय अबलम्बन गर्नु पर्ला ?

## १.३ अध्ययनको उद्देश्य (Objectives of Study)

यस अध्ययनको साधारण उद्देश्य नेपालको पूर्वी भेगमा अवस्थित उदयपुर जिल्लाको बर्रे गा.वि.स वडा नं १, ५ र ७ का तामाङ जातिको आर्थिक अवस्थाले शिक्षामा पारेको प्रभाव विश्लेषण गर्नु हो । यस अध्ययनको विशिष्ट उद्देश्यहरू निम्न प्रकारका छन् ।

१. तामाङ समुदायको सामाजिक, आर्थिक अवस्था पहिचान गर्नु ।

२. तामाङहरूको शैक्षिक अवस्थालाई आर्थिक अवस्थाले पारेको प्रभावको विश्लेषण गर्नु ।

३. तामाङ जातिका आर्थिक एवं शैक्षिक क्षेत्रको तुलनात्मक विश्लेषण गर्नु ।

## १.४ अध्ययनको महत्व (Significance and of the Study)

तामाङ जातिहरुको आर्थिक र शैक्षिक स्थितिको तुलनात्मक अध्ययन वर्रे गा.वि.स. उदयपुर शीर्षकमा अध्ययन गर्नुको मुख्य औचित्य यस अनुसन्धानकर्ताले त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्नु रहेको छ । त्यस्तै गरी यस अध्ययन क्षेत्रमा रहेको तामाङ जातिको आर्थिक अवस्थाले तथा शैक्षिक अवस्थाहरूमा पारेको प्रभावको अध्ययन गरी अध्ययनबाट प्राप्त निष्कर्षको आधारमा समस्त तामाङ जातिको उत्थानमा सहयोग पुऱ्याउनका लागि सुझावहरुले महत्वपूर्ण भूमिका खेल्ने छन् । साथै यस अध्ययनले तामाङ जातिको आर्थिक तथा उनीहरूको बालबालिकाको शैक्षिक अवस्था बीच के कस्तो सम्बन्ध छ भन्ने कुराको अनुसन्धान पनि गर्दछ । त्यस्तै यिनीहरू जस्तै पिछडिएको अन्य जातिको पनि यस

अनुसन्धानले केही हदसम्म जीवन स्तर उकास्न सहयोग मिल्ने छ । जनजातिको पहिचानका बारेमा आवाज बुलन्द भइरहेको परिप्रेक्ष्यमा यस तामाङ जातिको अध्ययनले जातीय पहिचानमा टेवा पुऱ्याउने विश्वास गर्न सकिन्छ । तसर्थ तामाङ जातिको आर्थिक अवस्था र यसले शिक्षामा पारेको प्रभावको अध्ययन गर्नु आवश्यक देखिन्छ । यस अध्ययन तामाङ जातिको आर्थिक अवस्था तथा त्यसले उक्त जातिको शैक्षिक अवस्थामा पारेको प्रभावको विश्लेषणसँग नै मूलतः सम्बन्धित छ । यस अधययनको सार्थकतालाई बुँदागत रूपमा निम्न अनुसार उल्लेख गरिएका छन् ।

४. तामाङ समुदायको आर्थिक तथा शैक्षिक अवस्थाको स्थानीय तहमा सुक्ष्म अध्ययनले यस विषयमा सुक्ष्म तथा गहन अध्ययन गरी अध्ययनको निष्कर्ष एवं सुझावहरूबाट यस जातिको उत्थान कार्यमा टेवा पुऱ्याउने छ ।

५. यस अध्ययनले तामाङ जातिको आर्थिक र शैक्षिक समस्याहरू पत्ता लगाई त्यसमा सुधार ल्याउन सम्बन्धित निकायलाई झकझक्याउने छ ।

६. यस अध्ययनले तामाङ जातिमा सचेतना ल्याई तामाङहरूलाई विकासको बाटोमा अगाडि बढ्ने समेत प्रेरित गर्ने छ ।

७. नीति निर्माताहरूलाई नीति निर्माण गर्न सहयोग पुग्दछ ।

## १.५ अध्ययनको सीमा (Limitation of Study)

यस अध्ययनको लागि आवश्यक क्षेत्रहरूलाई निम्नानुसार सीमाङ्कन गरिएकोछ :

- यस अध्ययनको क्षेत्रमा उदयपुर जिल्ला बर्रे गा.वि.स का तामाङ जाति लाई मात्र समावेस गरिएको छ ।
- अध्ययनको क्षेत्र अन्तर्गत बर्रे गा.वि.स वडा नं १, ५ र ७ लाई मात्र समावेस गरिएको छ ।
- शैक्षिक प्रभावमा तामाङ जातिका बालबालिकाहरुलाई मात्र समावेस गरिएको छ ।
- अधययनको क्षेत्रमा बर्रे गा.वि.स. १, ५ र ७ का कूल तामाङ घरधुरी २२७ मध्ये ५० घरधुरीका तामाङ जातिलाई मात्र नमूना छनौटको लागि लिइएकोछ ।

- यस अध्ययनमा तामाङ जातिहरूको आर्थिक तथा शैक्षिक अवस्थालाई मात्र विश्लेषण गरिएको छ ।
- शैक्षिक क्षेत्रमा मा.वि. तहसम्ममा मात्र अध्ययन गरिएको छ ।
- घरमुलीलाई लिदा सम्बन्धित परिवारबाट घरमुली सोधी लिएको ( घरको मूख्य मान्छे ) छ ।

# अध्याय दुई

## पूर्वसाहित्यको समीक्षा (Review of Literature)

यस अध्यायमा विभिन्न आदिवासी जनजातिहरू मध्ये तामाङ जाति सम्बन्धि प्राप्त लेख, रचना, पुस्तक तथा सम्बन्धित अनुसन्धानहरूलाई पुनरावलोकन गर्ने प्रयास गरिएको छ ।

नेगी (२०४०) का अनुसार तामाङ जातिको उत्पत्तिको सन्दर्भमा विद्वानहरूले आआफ्ना तरिकाले तर्क दिएका छन् तापनि आजसम्म कहाँबाट कसरी भएको हो भन्ने किटान गर्न सकेका छैनन् । तामाङहरूको उत्पत्ति सम्बन्धि बुझ्नको लागि नेपाल एकिकरण अगाडिको इतिहासलाई पल्टाउन जरुरी पर्दछ । त्यति बेलाको नेपाल र आजको नेपालमा आकाश जमिनको फरक भएको हुनाले नेपाल एकिकरण पूर्व विभिन्न ठाउँमा ओत लागेका टाकुरे राज्यहरू थिए । उनीहरूकै छत्रछायाँमा आश्रित तत्कालिन जनताहरू लिम्बुवान, मगरात, किराँत खसान, जड्यान आदि प्रदेशहरूमा रहेको इतिहासबाट पुष्ट्याइ लिन सकिन्छ । स्थान विशेष कारणले गर्दा लिम्बु, खम्बु मगर, किराँत खस र जाड आदि स्थानीय जनताहरूलाई कहलाउने थाले । खास गरेर जाड शब्दको प्रयोग तामाङ जातिलाई गरिएको पाइन्छ । यसबाट तामाङहरूको आदि थलो जडड्यान प्रदेश रहेछ भन्ने प्रमाणित हुन्छ । जड्डयान प्रदेश यिनीहरूको पूर्वथलो भएता पनि यदाकदा पछि आएर यिनीहरूले आफ्नो जातिको रीतिरिवाज र उत्पत्ति बारे एक दुई वटा पुस्तकहरू लेखी आफ्नो एतिहासिक पुर्खौलिको वर्णन गर्न खोजेको पाइन्छ । यी पुस्तकहरूमा यिनीहरूले आफ्नो रीतिरीवाज उत्पत्तिका साथै विभिन्न मार्मिक गीतहरू लेखेका छन् जुन लेखहरूमा यिनीहरूको पूर्व थलोको पुष्ट्याइ हुन्छ जस्तै : 'ल्हासामा सुन छ कान मेरो बुच्चै' यो उखानलाई गहिरिएर अध्ययन गर्दा यिनीहरू उत्तर मान सरोबर चीन, मंगोल आदि स्वर्ण भूमिको सभ्यताबाट आएको भन्ने स्पष्ट हुन्छ । यिनीहरूको भेषभुषा र पहिरन आदिबाट पनि यही अड्कल गर्न सकिन्छ साथै सानो टुक्रा भएता पनि सुनको गहना लगाउने प्रवृति प्रत्येक महिलाहरूमा भएको पाइन्छ । त्यसैले आफ्नो कान बुचो हुँदा स्वर्ण भूमिले सराप्छ भन्ने उखानबाट यो पुस्टयाइ हुन आउँछ कि यिनीहरूको मूल थलो त्यो ठाउँमा हुन पर्दछ जहाँ सुन प्रशस्त मात्रामा थियो । उनीहरूलाई सुनको कुनै प्रवाह थिएन । उपरोक्त उखान र उनीहरूको पूर्व थलो जड्डयानका बारेमा पनि यो कुरा प्रमाणित हुन आउँदछ ।

शर्मा (२०४९) का अनुसार आज भन्दा करिब एक हजार वर्ष पहिले तिब्बतमा गडङमर्म नाम गरेका एउटा बुद्ध धर्मका विरोधी राजा थिए । यी राजाले बुद्ध धर्मका अनुयायीहरूलाई दमन गर्दथे । यस समयमा बौद्ध गुम्बाहरूमा आगो लगाइयो र लामा अनुयायीहरूलाई गृहस्थ बन्न बाध्य गराइयो । यतिमात्र नभएर बुद्ध भगवानको मूर्तिहरू पनि नष्ट गरियो । यस्तो अवस्थामा बौद्ध भिक्षुहरू भागेर अन्यत्र गएर आफ्नो रक्षा गर्न सफल भए । यी राजाले दमन गरिरहेको समयमा एक जना दपलग्नी दोर्जे नाम गरेका भिक्षुले भेष बदलेर नाटकीय ढंगबाट राजाको हत्या गरिदिए । त्यसपछि आफ्ना सहयोगीहरूका साथ घोडामा चढेर तिब्बतबाट दक्षिणतर्फ लागे । त्यो समय बौद्ध धर्म विरोधीहरूले दपदलम्नी दोर्जे भिक्षु र उनका सहयोगीहरूलाई आजको नुवाकोट जिल्लाको उत्तरी भागसम्म लखेट्दै आएका थिए । यसरी लखेटिएका भिक्षुहरू नै आजका रसुवा र नुवाकोटतिर आएर बसोबास गर्न थाले । पछिल्लो कालमा आएर यिनै व्यक्तिहरूलाई सन्तति काठमाडौ उपत्यकाको आसपासमा र सिन्धुपाल्चोक तथा धादिङ्ग तथा अन्य जिल्लाका विभिन्न ठाउँमा छिटफुट रूपमा फैलिए ।

तामाङ ( २०४८- ४९) का अनुसार होफरले धादिङ्ग जिल्लाको तामाङहरूको अवौद्ध विधिविधानको अध्ययन गर्नु भए अनुसार तामाङहरूको पूर्खौली थलो तिब्बतको केरुङ भन्ने ठाउँ तिब्बत र नेपालको सिमानामा पर्दछ । मध्यकालमा भन्दा पहिले नेपाल र भोट युद्धमा चीन, मोटर र नेपालको आधिपत्य गुमेको हो । होफरको अध्ययन क्षेत्रमा अठारौं शताब्दीको प्रथम दशकतिर तामाङहरू नेपाल आइपुगेका थिए । यस समयमा नेवारहरूले उपत्यकाबाट धपाएपछि तामाङहरू नेपाल र तिब्बतको सिमाना क्षेत्रमा बसोबास गरेका थिए भन्ने कुराको संकेत हुन्छ ।

तामाङ (२०५१) का अनुसार ऐतिहासिक रूपले भेदभावमा परेका तामाङहरूले आफ्नो जीवनयापनको लागि विभिन्न आर्थिक क्रियाकलापहरू संचालन गरी आएका छन् । यिनीहरूले जीवन यापनको लागि समुन्द्र सतहको १०००-१७००० सम्मको प्राकृतिक श्रोत र साधनलाई उपयोग गरेको देखिन्छ । तामाङहरूको बसोबास काठमाडौं जस्तो महानगरीसँग जोडिएको र त्यतिकै विकट ठाउँमा पनि भएकोले आर्थिक श्रोतको परिचालनमा निकै विविधता देखिन्छ भने शहरका नजिकको तामाङको अर्थतन्त्र ग्रामिण अर्थतन्त्रको तुलनामा मौद्रिकरण पनि भएको देखिन्छ । तामाङहरूको कृषि भूमिलाई २ भागमा बाँड्न सकिन्छ, खेत र  बारी । यिनीहरूको मुख्य बाली मकै हो । यस बाहेक धान,

गहुँ, आलु, सिमी, भटमास, मस्याङ, फापर, कोदो, बदाम, मूला, सागसब्जी आदि उत्पादन गर्छन् । कृषि पछि पशुपालन दोस्रो पेशा हो । गाई, भैसी, राँगा, भेडा, बाख्रा, डोको, डालो, थुन्चे, मान्द्रो, चित्रा, भकारी, घुम आदि बुन्ने काम पुरुषहरूले गर्दछन् भने महिलाहरूले राडी, गुन्द्री, सुकुल, पिरा आफै बुन्दछन् । कपास रोपेर त्यसको धागोबाट कपडा स्यामा, रुङ्ताङ खादी, बर्को, लपिता, फुकी, फेरा, छिटको फरिया आदि बुन्छन् । यस बाहेक कागज बनाउने पनि तामाङहरूको पुर्खौली पेशा मानिन्छ ।

तामाङ (२०६४) का अनुसार नेपाल सरकारले सूचिकृत गरेको ५९ आदिवासी जनजातिहरू मध्ये ठूलो जनसंख्या भएको जाति तामाङ हो । तामाङ जाति नेपालको सबै भन्दा पूरानो आदिवासी जनजाति मध्ये एक हो । मुख्यतया तामाङ भाषा बोल्ने र बौद्ध धर्म मान्ने आदिवासी जनजातिलाई 'तामाङ' भनेर चिनिन्छ । नेपालमा डम्फु, टुङ्ना, विनायो र सेलो (स्यालु) आदिले तामाङ जातिलाई बुझाउँछ । अनि आफ्नै घरबुना स्यामा (लुङ्गी जस्तो फरियो), गा-बरको, ग्या-तोकोरोक, उनी राडी, पाखी, स्याल्दो, सुर्काओ (लुकुनी), फेङ्गा ( अल्लोको घरबुना गातो लुगा) अनि लोक्ताबाट हाते कागज बनाउने सीप, जङ्गली निङ्गालोबाट नाङ्लो, डोको, मान्द्रो, थुन्से, नाम्लो, कोक्रो बुन्ने, थाङ्गा (चित्रकला) मुकुन्डो खोप्ने (मास्क) आदि पेशाहरू हाम्रो तामाङ राष्ट्रियताको चिनारी हो । नेपालमा बसोबासको हिसाबले तामाङहरू गणेश हिमाल, लाङटाङ हिमालको उपत्यकाहरू देखि पहाडी सम्पूर्ण क्षेत्रमा फैलिएको हुँदा हिमाली तथा पहाडी मूलका जाति हुन् । 'तामाङ' शब्द निर्माणबारे विभिन्न मतहरू भएता पनि तामाङ शब्दले नेपालको प्राचिन र ऐतिहासिक जातिलाई बुझाउँछ ।

चोमोलुङ्मा (सगरमाथा) स्वर्ण वर्ष २००३ "ग्रेनग्याम" मा तामाङ जातिको बारेमा केहि लेख लेख्ने प्रयास गरिएको छ । जसमा तामाङ जाति नेपालको एक बहुसंख्यक आदिवासी जनजाति भएको कुरा उल्लेख छ । काठमाडौं उपत्यकामा बसोबास गर्ने प्रथम जाति तामाङ नै भएको विश्वास गरिन्छ । जब बाहिरबाट आगन्तुकहरू उपत्यकाभित्र प्रवेश गर्न थाले अनि तामाङ जातिहरू उपत्यकाको वरिपरिका भू-भागमा विस्थापित हुन पुगे । तामाङहरूको कुल जनसंख्या लगभग तीस लाख छ । यिनीहरूको जनघनत्व बढी मात्रामा नेपाल अधिराज्यको केन्द्रीय भू-भागमा अधिराज्यकै सबै जिल्लाहरूमा फैलिएर रहेको पाइन्छ । यिनीहरूको आफ्नै मौलिक संस्कृति, सामाजिक प्रथा र धर्म छन् । जुन मूलधार

हिन्दु समाजको भन्दा भिन्न छ । तामाङ जाति २०० बर्ष अगाडि स्वशासित र स्वायत्त थिए ।

ग्रेनग्राम (२००३) का अनुसार राजधानीसँग अत्यन्तै नजिक भएको कारणले नै तामाङ जाति ऐतिहासिक रूपमै शासक वर्गहरूबाट शोषित र उत्पीडित छन् । राणा शासनकालमा तामाङहरूलाई प्रशासन, सेना, न्याय क्षेत्र र राजनितिक निर्णय प्रक्रियाहरूमा र वैदेशिक रोजगार विशेष गरी ब्रिटिश-इण्डिया सेनामा भर्ति हुन निषेध गरिएको थियो । नेपालको मुलुकी ऐन १८५४ अनुसार तामाङ जातिलाई मासिने मतवाली अर्थात मार्न पनि सकिने र दास बनाउन पनि सकिने जातिको स्तरमा नयाँ मुलुकी ऐन १९६२ नवनुन्जेल कायम राखिएको थियो । यी कानुन हिन्दु मनुस्मृति र वर्ण प्रथामा आधारित थिए । वि.स. २०२० सालको मुलुकी ऐनले १८६५ को मुलुकी ऐनलाई विस्थापित गरे तापनि यसको वैधता हामी आज पनि स्पष्ट देख्न सक्दछौ ।

"२८४७" फओ-मो खारा (ह्रेओ) (धातु स्त्री-खरायो वर्षीय) ल्होछार २०६७ मा तामाङ जाति नेपालको सबभन्दा पुरानो बासिन्दा हो । तामाङहरू याम्बु (काठमाडौ) लाई आफ्नो आदि थलोको रूपमा लिन्छन् । नेपालको वंशावली इतिहास मञ्जुश्री वोधिसत्व चीनबाट नेपालमा आएर याम्बुमा बस्ती बसालेको कुरा भेटिनु र तामाङ तम्बा गीतमा "ग्यानक ग्याम्से फेपकाजीम" अथवा चीनबाट आउनु भएछ भन्ने गीत भेट्टिनुले र साथै विद्धान लेखक राहुल संस्कृतायनले आफ्नो शब्दकोषमा "ता" लाई चीनि शब्द महान्, "ता-गा-मा" लाई मंगोल शब्द, "ता-मा-ला" लाई तमाल वृक्ष, "ता-मिन" लाई मिङ राजवंश, ताइ-सि-टु" लाई चीनको एक पदवी, "ता-लाइ"लाई मंगोल (सागर), "ताहुन" लाई चीनियाँ गहिरो रातो एक वस्त्र भन्नु र मंगोलियनहरूले तामाङ जाति लेख्नु संयोग मात्र नभएर तामाङहरू (मंगोल) तिब्बत तथा हिमालय भएर नेपाल (याम्बु) मा पुगेको देखा पर्दछ । त्यसकारण याम्बुको सबै भन्दा पुरानो वासिन्दा हामी हुन् भन्ने तामाङहरूको भनाइलाई प्रमाणित गर्दछ । आज पनि तामाङहरूको घनाबस्ती याम्बु र याम्बुको वरिपरिको जिल्लाहरूमै केन्द्रित छन् । समयको कालखण्डसँगै आजको यो सामाजिक बनोटसम्म आइपुगे ।

तामाङ (२०६३) का अनुसार रुसी पुरातत्वविद डा. एनातोली याकोन्लेभ शेटेन्को वि.सं २०३४ सालको हिउँदको अन्त्यमा दुई महिनाको लागि पुरातात्विक अध्ययन भ्रमणमा नेपालमा आएका थिए । आफ्नो अध्ययनको क्रममा डा. शेटेन्कोले बुढानिलकण्ठको

दक्षिणतिर धोवी खोलामा पुरातात्विक अवशेषहरूको खोजी गर्दा प्राचीन पाषण युग (उत्तर काल इसापूर्व ३०,००० तीस हजार बर्ष) का केही त्यस्ता ढुङ्गे उपकरण फेला पार्नु भएको थियो । गोबी नमुनाका ढुङ्गे उपकरण मंगोलियाको गोबीबाट शुरु भएर सुदुर पूर्व एसिया हुँदै अमेरिका पुगेको पाइएको छ र हाल यस्तै उपकरण याम्बुमा फेला परेकोबाट पाषण युगीय मंगोलियनहरू तिब्बत र हिमालय भएर याम्बु आइपुगेको देखा पर्दछ । यसबाट के प्रमाणित हुन्छ भने इसापूर्व ३०,००० तीस हजार बर्ष भन्दा पहिले देखि नै मंगोलहरू याम्बुमा उत्तरतिरबाट आएर आवाद भए । ती मंगोलेहरू आजका तामाङ नै हुन् भन्ने कुरा इतिहासविद जनकलाल शर्माले उल्लेख गर्नु भएको छ । नेपालको वंशावलीको कथन र डा. शेटेन्को भनाइले तामाङहरू नेपालको अति प्राचित जाति भएको पुष्टि हुन्छ ।

घिसिङ (२०६५) का अनुसार प्राचित कालदेखि नै नेपालमा आदिवासीका रूपमा बसोबास गर्दै आएका विभिन्न जातिजातिहरू मध्ये तामाङ जाति पनि एक हो । तामाङहरू नेपाल लगायत भारत, भुटान तथा अन्य मुलुकहरूमा पनि फैलिएर बसोबास गर्दै आएका छन् । आफ्नै भाषा, भेषभुषा, धर्म, लोक संस्कृति (सेलो, डम्फु) आदिले परिचित यस जाति राज्य सत्ताको थिचाइ र मिचाइका कारणले गर्दा हाल आएर देशको कुना काप्चा र अनुत्पादक ठाउँहरूमा उति दुःखद र कष्टकर जीवन बिताउँदै आइरहेका छन् ।

तामाङ (२०४०) का अनुसार तामाङको पुर्खाहरूका (ताम्बाको) भनाइ अनुसार प्राचिनकालमा निर्माण गरिएको छ वटा ध्याङ (गुम्बा) हरु सम्बत् २१४ सालमा नेवारी राजाले खोसेर भुटानका राजालाई बिर्ता दिइएका थिए । ती ध्याङहरू अहिले नेपालका प्रख्यात र चर्चित धर्म स्थलका रूपमा चिनिन्छन् । यसरी इतिहासलाई फर्केर हेर्दा प्राचीन कालदेखि नै सक्नेले निर्दोलाई थिचोमिचो गर्दै आएको पाउँछौ । इतिहासदेखि वर्तमानसम्मलाई हेर्दा तामाङ जाति आफ्नै भाषा, भेषभूषा, धर्म, लोक संस्कृति, मौलिकता हुँदाहुँदै पनि आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक लगायतका क्षेत्रमा अरुका तुलनामा ज्यादै पछि परेको यथार्थतालाई कसैले नर्कान सक्दैन । यसका साथै तामाङ जाति पछाडि पर्नु र पारिनुका कारणहरूको खोजी गरी ती कारक तत्वहरूको उचित तवरले निराकरण नगरिएसम्म अगाडि बढ्न सम्भव पनि देखिदैन । राज्य र शासक वर्गद्धारा गरिएका थिचोमिचो र वेवास्ता नै तामाङ जाति पछि पर्नुका मूल कारण भएको कुरामा कसैको विमति नहोला । यद्यपि यिनका पुर्खाहरूले चलाउँदै ल्याएका परिचयका रूपमा स्वीकृत विभिन्न मूल्य मान्यता, संस्कार, रीतिरिवाज, चालचलन जस्ता पक्षले पनि पछाडि पार्न

त्यतिकै भूमिका खेलेको पाउँछौ । यसैको सेरोफेरोमा रही तामाङका पुर्खाहरूले चलाई ल्याएका केहि संस्कारको बारेमा चर्चा गर्न प्रयास यस लेखमा गरिएको छ ।

विष्ट (२०३३) का अनुसार आदिकालबाट तामाङहरू काठमाडौंका वरिपरिका जिल्लाहरूमा बसोबास गरि शहरबासीहरूलाई आवश्यक पर्ने सर सामानहरू उपलब्ध गराएर आफ्नो आर्थिक अवस्था संचालन गरेका छन् । हँसिला, रसिला, बलिया, सोझा यी तामाङहरूलाई राणाकालमा विभिन्न कामहरूमा प्रयोग गरिएको पाइन्छ । मुख्य पेशा कृषिलाई मान्दछन् । जस अन्तर्गत मकै, गहुँ, कोदो, फापर आलु, धान, जौ, तोरी आदि उत्पादन गर्दछन् । राणाकालमा राणा परिवारलाई खुसीपारी बक्सीस पाएका तामाङहरू आफूलाई धनको लोभमा परी लाजले तामाङ भन्न मन नपराउने पनि पाइन्छ । पहिला भन्दा आज भोलिका तामाङहरूमा केही परिवर्तन आएको पाइन्छ । पुराना बस्ती त्यागी अन्यत्र बसाइ सरेर गएका छन् । यसै गरी आर्थिक अवस्थाको कारणले गर्दा तामाङहरू ज्याला मजदुरी तर्फ आकर्षित भएका छन् । गलैचा कारखानामा कुल मजदुर मध्ये ८० प्रतिशत मजदुर तामाङहरू रहेका छन् भने थांका मजदुरमा कुल मजदुर मध्ये ९० प्रतिशत तामाङहरू संलग्न रहेका छन् । आर्थिक संकटले गर्दा तामाङहरू बैकल्पिक रोजगारको लागि काठमाडौं, भारत, भुटान आदि ठाउँसम्म पुगेका छन् ।

श्रेष्ठ ( २०६३ ) का अनुसार नेपाल भरि नै छरिएर रहेको विभिन्न जातिहरु मध्य तामाङ्ग पनि एक महत्वपूर्ण जाति हो । यो जाति नेपाल भरि छरिएर रहेको भएता पनि मध्य नेपालको काभ्रेपलान्चोक, सिन्धुपाल्चोक, सिन्धुली, नुवाकोट, दोल्खा, रामेछाप जिल्लाहरुमा यी जातिहरको बाहुल्यता हरेको छ । यो जाति बौद्ध मार्गी भएतापनि अन्य धर्म प्रति पनि त्यतिकै भक्ति र सम्मान गर्दछ । नेपालको कुल जनसंख्याको ५६४ प्रतिशत जनसंख्या ओगटेको यस जाति समाजमा पिछडिएर, दबिएर, शोषित भएर बसेका छन् ।

गुरुङ (१९९१) का अनुसार तामाङ्ग जातिको शिक्षाके सम्बन्धमा हर्क गुरुङले आफ्नो लेख नेमालका जातजाति र शैक्षिक स्थिथि उल्लेख गरे अनुसार तामाङ्ग जातिको शैक्षिक निकै कमजोर रहेको छ । नेपालको राष्ट्रिय जनगणना (१९९१) अनुसार नेपालको कुल जनसंख्या मध्ये १ करोड ५१ लख वा ८११ प्रतिशत ५ बर्ष भन्दा तलको नावलक हुनाले सो भन्दा माथिल्लो उमेर समुहको मात्र शैक्षिक तथ्याङ्क संकलन गरिएको छ । सो अनुसार १९९१ म नेपालमा ९० लाख भन्दा बढी वा झण्डै ६० प्रतिशत जनसंख्या लेखपढ गर्नु नसक्ने निरक्षण रहेका छन् । अन्य बाँकि ४० प्रतिशत साक्षर रहेको छ ।

तामाङ (२०६९) का अनुसार तामाङ जातिहरु निम्न आर्थिक क्रियाकलापहरुमा समावेश भएका पाइन्छन् । जुन यस प्रकार छन् ।

**आर्थिक प्रणाली**

तामाङ समुदायको मुख्य आर्थिक स्रोत खेतिपाति नै हो । त्यसपछि वनजन्य प्राकृतिक साधनहरु नै तामाङ समुदायको आर्थिक स्रोतका आधार हुन । यी नै प्राकृतिक स्रोत साधनमा आधारित विभिन्न सीप, शील्पकारहरु तामाङ समुदायको आर्थिक आर्जनका मुख्य आधारहरु हुन ।

**खेतिपाति**

तामाङ समुदायको परम्परागत जीवन उपार्जनको परम्परागत स्रोत खेती नै हो । उच्च पहाडी हिमाली भेग उत्तरी धादिङ , रसुवा, सिन्धुपाल्चोक, दोलखा, रामेछाप लगायतमा करु, उवा, चीनी, कोदो जस्तो मसिनो दाना भएको, जौ, व्हा, गहुँ, तेमे आलु आदि खाद्यजन्य बस्तुको उत्पादन हुन्छ। तेमे, करु, जौ आदिलाई अन्य खाद्य तथा आवाश्यक वस्तुसँग साट्ने अथवा बिक्रि गरी नगद आम्दानी गर्ने गरिन्छ । यस्तो गर्नुलाई चुङ्बा देप्बा भनिन्छ । धेरै जसो क्षेत्रमा यी खाद्यान्न उत्पादन भए पनि वर्ष भरि खानलाई भने पुग्दैन । त्यसरी नै पहाडी भेगमा भने मुख्य खाद्यान्नको रुपमा केन्जोम मकै, साङा कोदो तेमे, व्हा ग्वा र पहाडका बँसीहरुमा सुन धान खेति गरिन्छ । यही क्षेत्रहरुमा अन्य नगदे बालीहरु नमनाम तोरी, ताम्रा सिमि, गियो बोडि, अन्य दलनहरु र केन्जोम, तेमे जस्ता खाद्यान्नलाई स्थानिय बजारमा लगेर विक्रि समेत गर्ने गरिन्छ । तसर्थ तामाङ समुदायको जीवन उपार्जनको परम्परागत पद्धतिमध्ये खाद्यान्न उत्पादन अर्थात खेती एक महत्वपूर्ण पक्ष हो । खेती हिमाली भेगमा एक सिजनमा उक बाली हुन्छ भने पहाडी तथा पहाडका बँसीहरुमा दुई बालीसम्म खेती हुन्छ । हिमाली क्षेत्रमा खेतीको उत्पादनबाट मात्र तीन महिनालाई पुग्छ । बाँकी अवधिका लागि श्रम, व्यापार या अन्य कुनै अतिरित्त आय आर्जनका उपायको खोजी गर्नुपर्ने बाध्यता छ । खेतीबाट आएको अन्नहरुमा धानको सुन, साङा, व्हा ग्वा अुवा आदि म्हार, युहोङ आदि चोयाबाट बनेका स्थिर भकारी या काठाको खोल्मोहरुमा भावी दिनमा खानका लागि खाद्य सुरक्षातर्फ तथा सञ्चयको लाति राखिन्छ । आलु तथा स्याउहरु पनि शीतभन्डारका लागि खोल्मोहरु बनाएर राख्ने गरिन्छ ।

**पशुपालन**

तामाङ समुदायको परम्परागत जीवन उपार्जनमा पशुपालन पनि हो । यी दुध जन्य तथा मासुजन्य खाद्य परिपुर्ति गर्न पुरम्परागत जीवन निर्वाहको यो पद्दतिलाई तामाङ भाषामा सेमच्यान न्हाबा पशुपालन भनिन्छ । तामाङ बसोबास रहेको उच्च पहाडी हिमाली भेगका तामाङहरुको जीवन निर्वाहको एउटा आधार ह्या याकाचौरीगाई, जोबो जोमो, ग्यु भैँडा, राग्यु च्याङ्ग्रा आदि सेमच्यान न्हाबा नै हो । तामाङहरुको मुख्य गरेर वा जोबो जामो गोदे, ग्युगोदे, म्हे गोदे, मुअी गोदे, आदि गोठ को परम्परा छ ।

हिमाली क्षेत्रमा ह्यान्हाबा, जोबो जोमो न्हाबा, ग्यु राग्यु न्हाबा गर्ने गरेको पाइन्छ । यसबाट दुध, दहि, मोही, घिउ, छुर्पि आदि दुधजन्य उत्पादन र मासुजन्य खाद्यवस्तुको उत्पादन हुन्छ । रसुवाको गोसाईकुण्ड, सिन्धुपाल्चोक पाँचपोखरी, दोलखा रामेछापको सैलुङ भेगमा उत्पादन भएको याकको छुर्पी त्यस क्षेत्रमा तीर्थ जाने तीर्थालुहरुको माझमा प्रसिद्ध छ भने आधुनिक पद्दति अपनाएर व्यावसायीक चीज उत्पादन तथा काठमाडौंको बजारसम्म चीज आइपुगेको पाइन्छ । यसले आर्थीक आर्जन गरी अन्य वस्तुहरु विनिमय गर्न सहयोग गरेको पाइन्छ । यसरी सेमच्यान न्हाबाबाट थोरै परिमाणमा भए पनि दुधजन्य खाद्यवस्तुको आपुर्तिले जीवन निर्वाहको सहायक आधारको रुपमा भुमिका निर्वाह गरी रहेको पाइन्छ । यद्यपि, यो उत्पादनहररुको उत्पादन विधि परम्परगत पद्दतिमा आधारित भएकाले व्यावसायिक परिमाणमा उत्पादन भने हुन सकेको छैन । यी देखि बाहेक सेमच्यान न्हाबाबाट खेतीको लागि चाहिने कम्पोस्ट मल उत्पादनमा पनि सघाईरको पाइन्छ ।

**रम्परागत अतिरिक्त आयआर्जन**

तामाङ समुदायमा परम्परागत रुपमा गरिने खेतीपाती बाहेक जीविकोपार्जनका लागि निगालो, काष्ठ, जडिबुटी सङ्कलन तथा वनजन्य अन्य विभिन्न कच्चा सामाग्रीहरुमा आधारित छाअीगो डाको, नाम्लो वान क्वान राबा अल्लो भाङग्रो, कापे तथा उनी कपडा स्योस्यो स्हेङवा हाते कागत यागे गेत हस्तकला सीङ ठाबा थाङका छीबा ब्रिबा आदि सामाग्रीहरु अतिरित्त वस्तुको उत्पादन गरी स्थानिय बजारमा वस्तु विनिमय गरिआएको पाइन्छ । यसको अतिरित्त तामाङहरु परम्परागत आयका स्रोतहरुले जीवन निर्वाहको कठिन परिस्थिति आएपछि श्रमको खोजीमा नजिकका छिमेकी मुलुक भारतका विभिन्न श्रमका बजारहरु काठमाडौंदेखि नुवाकोट, धादिङ पश्चिमतिरका तामाङहरु हिमाचल प्रदेश तथा

काठमाडौंदेखि पुर्व दोलखा, रामेछापबाट दाजीलिङ तथा त्यस आसपास श्रमिकको रुपमा जाने गरेको पाइन्छ । तामाङ समुदायमा अतिरित्त आयआर्जनको निम्ति श्रम गर्न जाने तथा खेतीपाती बाहेक थप उत्पादन तथा विवरण गर्न परम्पराहरुलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

### सीपमुलक व्यवसाय

तामाङ समुदायका बस्तीहरमा खास गरेर खेति सकेपछिको फुर्सदको समयमा सीपमा आधारित जङ्गली निगालो, वाँस आदिको घरेलु सामाग्रीहरु डोको, नाख्ले, नाङलो, छदुन कुरमाङ थुन्से छाङ डोको, डा नाम्लो आदि नाख्ले दागा, छदुन, छाङ डा राबा अर्थात उत्पादन तथा बिक्रि गर्न सकिन्छ ।

### जडिबुटी व्यवसाय

तमाङहरु खेतीपातीको साथसाथै वनजन्य प्राकृतिक स्रोतहरुको प्रयोग तथा अतिरित्त आयआर्जनको स्रोतको रुपमा बजारमा बिक्रि हुने विभिन्न प्रकारका जडिबुटी संकलन गर्ने गरको पाइएको छ । यसमा तीर्ता, जटामसी, नीरमसी, पदमचाल, व्हेखुदु, भिर माहुरीको मह, ब्रास्युन सिलाजित, मुख्य छन् । यसमा सबैभन्दा बढि तिर्ताको संकलन तथा विक्रि हुने गरेको छ । तीर्ता १ के.जी को रु १२०। सम्ममा स्थानीय व्यापारी सङकलकले किन्ने गरेको छ । जडीबटी औषधोमुलक बाहेक अन्य उपयोगी ओखरका बोक्रा, सल्लोको खोटो, विभिन्न प्रकारका लेउहरु, जङ्गली स्याउ, निउरो आदि मौसमी वनजन्य नगद आम्दानीका स्रोतहरु हुन । यसको सामान्यतया लेखाजोखा हुने गरेको छैन । अर्थात पुर्ण व्यावसायिक नभएर यो पनि अतिरिक्त आयआर्जनको मासिक आयको रुपमा वर्षको एकपटक बिक्रि वितरण गर्ने गरेको पाइन्छ ।

माथिका सबै अध्ययन कर्ताहरूले विभिन्न कोणबाट तामाङ जातिको सामाजिक, आर्थिक, सांस्कृतिक अवस्था माथि प्रकाश पार्ने कोशिस गरेको देखिन्छ भने केहि मात्रामा आर्थिक अवस्था नाजुक भएको कारण शैक्षिक अवस्थालाई अफठ्यारो पारेको पनि भनिएको छ । तर पनि मैले भेटे सम्मका पूर्व साहित्यहरुमा उत्पति र सामान्य चिनारी मात्र भेटिएको र तामाङ जातिको आर्थिक अवस्थाले तिनीहरुका बालबालिकाको शिक्षामा कस्तो प्रभाव परेको छ ? भनेर अध्ययन गरिएको नपाइएकोले तामाङसँग सम्बन्धित लेख र रचना मात्र भए पनि पुनरावलोकन गरिएको छ ।

उदयपुर जिल्लामा पर्ने बर्रे गा.वि.स. को तामाङ जातिसंग सम्बन्धित अध्ययन आजसम्म कुनै पनि व्यक्ति तथा संघसंस्थाबाट भएको छैन । तसर्थ यस गा.वि.स. का तामाङ जातिको आर्थिक अवस्थाले गर्दा शिक्षा क्षेत्रमा पारेको प्रभावका सम्बन्धमा अनुसन्धान गर्ने प्रयास गरेकी छु ।

# अध्याय तीन

## अनुसन्धान विधि (Research Methodology)

यस अध्यायमा अध्ययन विधि अन्तर्गत अनुसन्धान ढाँचा, नमुना छनौट प्रक्रिया, तथ्याङ्क स्रोत, तथ्याङ्क संकलनका औजारहरू र तथ्याङ्क प्रस्तुतिकरण तथा विश्लेषण उल्लेख गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा (Research Design)

यो अध्ययन उदयपुर जिल्ला अन्तर्गत पर्ने बर्रे गा.वि.स. वडा नं. १, ५ र ७ मा अवस्थित तामाङ जातिको आर्थिक तथा शैक्षिक अवस्थाको विविध पक्षहरूमा केन्द्रित रहेको छ । यस अध्ययनको उद्देश्य पूरा गर्नको लागि प्राथमिक तथ्याङ्कको साथै सहायक तथ्याङ्कको पनि प्रयोग गरिएको छ । प्राप्त तथ्याङ्कलाई तालिकिकरण र विश्लेषणात्मक पद्धतिको उपयोग गरि निष्कर्षहरू निकालिएको छ । यसर्थ यो अध्ययन वर्णनात्मक ढाँचामा तयार पारिएको छ ।

### ३.२ नमुना छनौट प्रकृया (Sample Selection Procedure)

यस अध्ययनको लागि आवश्यक तथ्याङ्क संकलनका लागि निम्न अनुसार छनौट प्रकृया अपनाइएको छ । बर्रे गा.वि.स को १, ५ र ७ वडाहरूलाई उद्देश्यमूलक नमूना छनौटको आधारमा छनौट गरिएको छ ।

- १, ५ र ७ वडाका कुल २२७ तामाङ घरधुरी मध्ये त्रमश १७, १७ र १६ घरधुरी गरी जम्मा ५० घरधुरीलाई नमुनाको रूपमा सामान्य सम्भावना युक्त नमुना छनौट ( Simple Random Sampling) विधि अन्तर्गतको गोला प्रथाद्धारा छनौट गरिएको छ जुन कुल घर परिवारको २२.०३ प्रतिशत हुन जान्छ ।
- यस गा.वि.स मा अवस्थित जम्मा ७ विद्यालय मध्ये २ विद्यालयलाई उद्देश्यमूलक नमूना छनौटको आधारमा छनौट गरिएको छ ।
- प्राथमिक तथ्याङ्क संकलनका लागि सम्बन्धीत नमुना छनौटमा परेका विद्यालयका २ जना प्र.अ. साथै सामान्य सम्भावना युक्त नमुना छनौटको आधारमा प्रत्येक

कक्षाबाट एक एक जनाले प्रतिनिधित्व हुने गरी जम्मा १० जना विद्यार्थीहरुलाई र छनोटमा परेका ५० घर परिवारका घरमूलीलाई स्रोत व्यक्तिको रूपमा लिइएको छ ।

### ३.३. तथ्याङ्कको स्रोत (Source of Data)

यस अध्ययनमा प्राथमिक तथा द्धितीय दुबै तथ्याङ्कको प्रयोग गरिएको छ ।

#### ३.३.१ प्राथमिक तथ्याङ्क ( Primary Data)

प्राथमिक तथ्याङ्क अन्तर्गत अनुसन्धानकर्ता स्वयं आफै अध्ययन क्षेत्रमा गइ विभिन्न तथ्याङ्क संकलन गर्ने क्रममा स्थलगत सर्वेक्षण गरि नमुना छनौटमा परेका घरमुली, विद्यालयका प्र.अ. र विद्यार्थीसँग अन्तरवार्ता लिई मिश्रीत प्रश्नावलीहरू अनुसार तथ्याङ्क संकलन गरिएको छ ।

#### ३.३.२ द्धितीय तथ्याङ्क (Secondary Data)

द्धितीय तथ्याङ्क स्रोतका लागि गाउँ विकास समिति कार्यालय, शिक्षा मन्त्रालय, केन्द्रिय तथ्याङ्क विभाग, जिल्ला विकास समिति, अन्य सरकारी तथा गैरसरकारी संस्थाबाट प्रकासित अप्रकासित पुस्तक, लेख, रचना, पत्रपत्रिका आदिबाट सूचना एवं तथ्याङ्कहरू लिइएको छ ।

### ३.४ तथ्याङ्क संकलनको औजारहरु (Tools of Data Collection)

यस अध्ययनमा आवश्यक पर्ने तथ्याङ्कहरुको लागि प्रश्नावली र अन्तर्वार्ताको प्रयोग गरिएको छ ।

#### ३.४.१ प्रश्नावली (Questionnaire)

यस अध्ययनको अनुसन्धानलाई पूरा गर्नको लागि तामाङ जातिको आर्थिक तथा शैक्षिक अवस्थामा देखापरेका समस्याहरु समाधान गर्ने उपायहरु आदिको वारेमा अवलोकन, छलफल र परामर्श गरी प्रश्नावलीका आधारमा तथ्यांक प्राप्त गरिएको छ ।

#### ३.४.२ अन्तरवार्ता (Interview Schedule)

यस अध्ययनमा नमुना छनोटमा परेका ५० घरपरिवारका घरमूली, विद्यालयका प्र.अ. र विद्यार्थीहरुसँग उनीहरुको आर्थिक तथा शैक्षिक अवस्थाको वारेमा अन्तरवार्ता लिइएको छ ।

### ३.५ तथ्याङ्क प्रस्तुतिकरण तथा विश्लेषण (Data Presentation and Analysis)

यस अधयनको क्रममा प्राप्त तथ्याङ्कहरूलाई सुव्यवस्थित तरिकाले व्यवस्थापन गरी प्रस्तुत गर्ने क्रममा प्राप्त सूचना र तथ्याङ्कहरूलाई तालिका, प्रतिशत, वृत्त चित्र आदिद्धारा विश्लेषण गरिएको छ ।

# अध्याय चार

## अध्ययन क्षेत्रको परिचय (Introduction of Study Area)

यस अध्यायमा अध्ययन क्षेत्रको परिचय दिइएको छ । अध्ययन क्षेत्र अन्तर्गत उदयपुर जिल्ला र यस जिल्ला अन्तर्गत पर्ने बर्रे गाउँ विकास समितिको संक्षिप्त परिचय दिइएको छ ।

### ४.१ उदयपुर जिल्ला : संक्षिप्त परिचय

नेपाल अधिराज्यको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने सगरमाथा अंचलको करिव मध्ये भागमा अवस्थित पूर्व पश्चिम फैलिएको पूर्व पश्चिम लम्बिएको चौडाई पश्चिममा फुकेको र पूर्वीभागमा साँघुरिएको पहाड र भित्री मधेश मिलेर बनेको एक मात्र जिल्ला उदयपुर जिल्ला हो । सगरमाथा अंचलमा पर्ने जिल्लाहरू मध्ये उदयपुर जिल्ला महाभारत श्रृंखला देखि चुरे पर्वतमाला सम्मको भु-भाग समेट्ने मधेश वा दुन प्रदेशको रूपमा परिचित छ । यस जिल्लामा ४४ वटा गाउँ विकास समिति र एक नगरपालिका रहेको छ । विगतकालमा भित्री मधेशको जिल्लाहरूलाई गढी भनिन्थ्यो जसले गर्दा उदयपुर जिल्ला पनि पूर्वी भित्री मधेश भित्र पर्ने भएकोले यस जिल्लालाई उदयपुर गढी भनेर अहिले पनि जनजिब्रोमा छ । साथै यस जिल्लाको नाम उदयपुर नै किन रहन गयो भन्ने सम्बन्धमा खासै उपयुक्त प्रमाणहरू नभेटिएता पनि उहिले यहाँ उदय नाम गरेका राजाले राज्य गर्दथे र उनकै नामबाट यस जिल्लाको नाम **उदयपुर** हुन गयो भन्ने जनश्रुति रहेको छ । यति मात्र नभएर अझै पनि उदय राजा घोडामा चढेर हरेक बर्ष दशैमा एक दिन उदयपुर गढीमा आउने गर्छन् भन्ने कुरामा उदयपुर गढीका मानिसहरू विश्वास गर्छन । तर इतिहासलाई केलाएर हेर्दा राजा उदयको कहि कतै पनि चर्चा परिचर्चा गरिएको पाइदैन (झा, २०५९) ।

#### ४.१.१ उदयपुर जिल्लाको स्थिति र क्षेत्रफल

विश्व मानचित्रमा २८°३९' देखि १७°११' उत्तरी अक्षांशसम्म र ८६°९' देखि ८७°१०' पूर्वी देशान्तरको बीचमा अवस्थित यस जिल्लाको क्षेत्रफल २०६३ वर्ग किलोमिटर छ । विक्रम सम्वत् २००९ सालमा यस जिल्लाको क्षेत्रफल ९७७ वर्ग माइल र २०२८ सालमा २२७२ वर्ग किलोमिटर थियो । यो जिल्लाको औसत लम्बाई ९० कि.मि र चौडाइ ३५ कि.मी छ भने समुन्द्र सतह देखि उचाई २२४५ मीटर छ । यो जिल्ला पूर्वाञ्चल विकास क्षेत्रको

७.२४ प्रतिशत र नेपाल अधिराज्यको १.४ प्रतिशत भू-भागको प्रतिनिधित्व गरेको छ । यस जिल्लामा तीनवटा संसदीय निर्वाचन क्षेत्र ११ वटा जिल्ला विकास समिति इलाका ४४ वटा गाउँ विकास समिति र एउटा नगरपालिका छन् । स्मरणीय छ, २००९ सालमा यस जिल्लामा १३ वटा थुम/प्रगन्न थिए भने २०२८ सालमा ४३ गाउँ पञ्चालय भए । त्रियुगा नदीको किनारमा अवस्थित यस जिल्लाको सदरमुकाम गाईघाट बोक्सेमा छ । त्रियुगा नदीको किनारमा बसोबास गर्ने रैथानेहरूले आ आफ्ना गाईवस्तुको चरण क्षेत्रलाई घाट भन्ने

गर्दथे । त्यहि गाईको घाटबाट गाईघाट बनेको भन्ने भनाई छ । गाईघाट उदयपुर जिल्लाको सदरमुकाम पनि हो (झा, २०५९) ।

### ४.१.२ सिमाना

यस जिल्लाको पूर्वमा कोशी अंचलको सुनसरी र धनकुटा जिल्ला पश्चिममा जनकपुर अंचलको धनुषा र सिन्धुली जिल्ला, उत्तरमा भोजपुर, खोटाङ्ग र ओखलढुंगा जिल्ला र दक्षिणमा सिराहा र सप्तरी जिल्लाहरू रहेका छन् । उत्तरमा महाभारत श्रृंखला, पूर्वमा अरुण र सप्तकोशी नदी र पश्चिममा बहादुर खोला तथा कमला नदी यसका प्राकृतिक सिमाना हुन् (झा, २०५९) ।

### ४.१.३ भौगोलिक वनावट

यस जिल्लाको भौगोलिक वनावटको दृष्टिकोणले हेर्दा उत्तरतर्फ महाभारत पहाड श्रृखला प्राकृतिक पर्खालको रूपमा फैलिएको छ । यो भाग तत्कालीन माँझकिरात क्षेत्र भित्र पर्दथ्यो । यस जिल्लाको ६० प्रतिशत क्षेत्र ओगटेको यो भाग करिब ९१५ मीटर देखि २३१० मीटर सम्मको उचाइमा रहेको यो क्षेत्रमा लेखानी, माझखर्क रौतापोखरी जस्ता अग्ला डाँडा र टाकुरा रहेका छन् । महाभारत क्षेत्र पश्चिम पट्टि ज्यादा छ । त्यसै गरि दक्षिण सिमानामा करिब ५५० मीटर देखि ११०० मीटरसम्मको उचाइमा रहेको यो जिल्ला पूर्वदेखि पश्चिमसम्म चुरे पहाड, डाँडा, श्रृंखला फैलिएको छ । कटारी र रिस्कुदेखि दक्षिणको चुरेको केहि भाग **महामण्ड** डाँडाको नामले प्रसिद्ध छ । त्यसै तरिकाले यस जिल्लाको करिब ३० प्रतिशत समथर भू-भागको प्रतिनिधित्व गर्ने भित्री मधेश देशकै सबभन्दा ठूलो खोच **त्रियुगा** यसै क्षेत्रमा पर्दछ  (झा, २०५९) ।

## ४.१.४ जनसंख्या र जनजीवन

पूर्व भित्री मधेशको रूपमा परिचित यस जिल्लाको पहिलो जनसंख्या वि.सं १९६८ सालमा ३९,४८६ त्यसै गरि १९७७ सालमा ४८,९१३ थियो भने वि.सं २००९ मा आएर यस जिल्लाको जनसंख्या ८९,३०९ थियो । जसमध्ये पुरुष ४३,६८४ र महिला ४५,६२५ थियो । यो जनसंख्या क्रमशः बढ्दै गएर २०५८ सालमा आइपुग्दा जम्मा जनसंख्या २,८७,६८९ जसमा पुरुष १,४३,७५६ साथै महिला १,४३,९३३ छन् । २०५८ जनगणना अनुसार शारीरिक अपाङ्ग १४५३ जस मध्ये ७९३ र महिला ६६० छन् । १५२ पुरुष र ३६४ महिला गरि ५२६ दृष्टिविहिन, ३५३ पुरुष र ४६१ महिला गरि ८१४ सुस्तश्रवण, २७२ पुरुष र २७७ महिला गरि ५४९ सुस्त मनस्तिथि तथा १५३ पुरुष र १८७ महिला गरि बहुअपाङ्गहरू छन् (झा, २०५९) ।

**हावापानीः**

दुई पहाडको खोचमा रहेको र घना जंगलले भरिएको भित्री मधेशको हावापानी शुरु शुरुमा स्वस्थकर नभए पनि हाल यहाँका हावापानीमा सुधार भएको छ । उदयपुर गढीमा वि.स. २००४ अषाढमा मौसम अवलोकन केन्द्र खोलिएको थियो । जसको अभिलेख अनुसार उदयपुर गढीमा वर्षभरीमा औसत ८५ दिन पानी पर्छ । यस जिल्लामा सामान्य तया दुई किसिमको हावापानीको प्रवाह रहेको छ (झा, २०५९) ।

**उष्ण हावापानीः**

चुरे पहाड र भित्री मधेश भू-भागमा उष्ण हावापानीको प्रभाव पाइन्छ । गर्मीमा ज्यादै तातो र ओसिलो हुने हिउँदमा सुख्खा र रमाइलो मौसम हुने गर्दछ ।

**समशीतोष्णः**

महाभारत पहाड क्षेत्रमा यस किसिमको हावापानी पाइन्छ । यस क्षेत्रमा गर्मीमा केही गरम र ओसीलो तथा हिउँदमा जाडो र सुख्खा मौसम हुने गर्दछ ।

**नदीनालाहरू :**

महाभारत पर्वतबाट उत्पन्न भएको दोस्रो स्तरको नदी त्रियुगा यस जिल्लाको प्रमुख नदी हो । नामन्त लेकको दक्षिण ढालबाट प्रारम्भ भई दक्षिण र पूर्वतिर बग्दै जिल्लाको पूर्वी सिमाना हुँदै सप्तकोशीमा मिल्छ । स-साना तावा खोला, वैधनाथ खोला हुन भने ककुर खोला, बढारेखोला, यारी खोला, बरुवा खोला, अधेरि खोला, सेती खोला र रसुवा खोला आदि सहायक खोलाहरू हुन् (झा, २०५९) ।

**प्रमुख स्थानहरू**

गाईघाट, उदयपुरगदी, चौदण्डीगढी, कटारी, वेल्टार, त्रिवेणी, रौता र मुर्कुची जिल्लाका प्रमुख स्थानहरू हुन् । प्रजातन्त्रको पुर्नबहाली पश्चात महेन्द्र राजमार्ग देखी जिल्ला सदरमुकाम गाईघाटसम्म पक्की बाटो बन्नु र विदेशको सबैभन्दा ठूलो सिमेण्ट उद्योग खोलिनुबाट पनि यसको चौतर्फी विकासको ढोका खुलेको छ भन्नु अत्युक्ति नहोला । यस जिल्लामा विकासको प्रसस्त संभावना हुँदाहुँदै पनि विकासको फलबाट बञ्चित जिल्लाबासीहरूका सपना द्रुतगतिमा पुरा हुने विश्वास गर्न सकिन्छ किनभने यहाँको जनताहरूको आर्थिक र सामाजिक अवस्थामा सुधार गर्न नेपाल सरकारले कृषि, पशुपालन, सिँचाई, उद्योग, व्यापार, संचार, शिक्षा, यातायात, स्वास्थ्य, विद्युत, खानेपानी आदिको पहुँच र विकासको लागि समर्पित छ (झा, २०५९) ।

**ताल र झरनाहरू**

यहाँको उल्लेखनीय तालमा रौता पोखरी, झरनाहरूमा माने डाँडा, बतासे र छताङ्ग प्रमुख छन् (झा, २०५९) ।

**शैक्षिक स्थिति**

अन्य जिल्लाको तुलनामा यस जिल्लाको शैक्षिक क्षेत्रमा सामान्य मान्न सकिन्छ । यस जिल्लामा सरदर साक्षरता जम्मा १२९०६९ छन् भने पुरुष ७७९०६ र महिला ५११६३ साक्षरता छन् । अर्थात् यस जिल्लाको कुल जनसंख्याको ५३ प्रतिशत साक्षर छन् (झा, २०५९) । निजी स्तरबाट (संस्थागत) खुलेको विद्यालयले पनि शिक्षा क्षेत्रमा राम्रो योगदान पुऱ्याएको छ । सामुदायिक, मदरसा तथा गुम्बाबाट पनि शिक्षाको पहुँचमा ठूलो योगदान पुऱ्याएको दखिन्छ । यसै जिल्लामा भएका शिक्षक, विद्यालय र विद्यार्थीगत विवरण तपसिलमा उल्लेख गरेबमोजिम भएकोले शिक्षाको पहुँचमा ठूलो योगदान पुऱ्याएको पनि गुणस्तर तर्फ भने त्यति सफलता हासिल गर्न नसकेको देखिन्छ । (झा, २०५९)

यसै जिल्लासँग सम्बन्धित विद्यालय, शिक्षक र विद्यार्थीका विवरण निम्न तालिकाहरूमा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१**

**विद्यालयको विवरण**

| **क.सं.** | **विद्यालय** | **प्रा.वि.** | **नि.मा.वि.** | **मा.वि.** | **उ.मा.वि** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| १ | सामुदायिक | २३७ | ११९ | ७५ | २७ | ४५८ |
| २ | संस्थागत | ४६ | ९ | २० | ३ | ७८ |
| ३ | मदरसा | ७ | – | – | – | ७ |
| ४ | गुम्बा | ४ | – | – | – | ४ |

स्रोत : जि.शि.का. उदयपुर बार्षिक प्रगति विवरण - २०६६

माथिको तालिका अनुसार उदयपुर जिल्लामा सामुदायिक विद्यालय प्रा.वि. तहमा २३७ वटा देखिन्छ भने नि.मा.वि. तहमा ११९ वटा छन् । त्यसै गरी मा.वि. तहमा ७५ वटा र उ.मा.वि. तहमा २७ वटा मात्र देखिन्छ । यसका साथै संस्थागत विद्यालय प्रा.वि. तहमा ४६ नि.मा.वि. तहमा ९, मा.वि. तहमा २० र उ.मा.वि. तहमा ३ वटा कोटाहरू देखिन्छन् । मदरसा विद्यालय प्रा.वि. तहमा ७ त्यस्तै गुम्बा विद्यालय प्रा.वि.मा ४ वटा मात्र देखिन्छ । यस मदरसा र गुम्बा विद्यालयमा अरु तह भने देखिदैन ।

**तालिका ४.२**

**विद्यार्थी विवरण**

| **क.सं.** | **विद्यालय** | **छात्रा** | **छात्र** | **जम्मा** |
|---|---|---|---|---|
| १ | प्रा.वि. | ३२२२६ | ३१५२८ | ६३७५४ |
| २ | नि.मा.वि. | १४२४६ | १२०८८ | २६३३४ |
| ३ | मा.वि. | ६३१८ | ५३१८ | ११६३६ |
| ४ | उ.मा.वि. | ३११२ | २२६९ | ५३८१ |

स्रोत : जि.शि.का. उदयपुर बार्षिक प्रगति विवरण - २०६६

माथिको तालिका अनुसार उदयपुर जिल्लामा विद्यार्थीको विवरण प्रा.वि. तहमा जम्मा ६३७५४ जना देखिन्छ भने छात्र ३१५२८ जना र छात्रा ३२२२६ जना छन् । यसै गरी नि.मा.वि. तहमा जम्मा विद्यार्थीहरूको संख्या २६३३४ जना रहेको छ । यस मध्ये छात्र १२०८८ र छात्रा १४२४६ जना छन् । त्यस्तै मा.वि. तहमा जम्मा विद्यार्थीहरूको संख्या ११६३६ जना देखिन्छ वा छात्र ५३१८ जना र छात्रा ६३१८ जना छन् । उ.मा.वि. तहमा जम्मा विद्यार्थीहरू ५३८१ जना छन् भने यसमा पनि छात्र २२६९ जना र छात्रा ३११२ जना रहेको देखिन्छ ।

यहाँ प्रा.वि. तह देखि नि.मा.वि., मा.वि. र उ.मा.वि. मा विद्यार्थीको संख्यालाई हेर्दा क्रमश घट्दै गइरहेको देखिन्छ ।

**तालिका ४.३**

**शिक्षक विवरण**

| क्र.सं. | विद्यालय | दरबन्दी | परियोजना | राहत अनुदान | जम्मा |
|---|---|---|---|---|---|
| १ | प्रा.वि. | ९०१ | ३० | ३४० | १२७१ |
| २ | नि.मा.वि. | १८२ | – | २४२ | ४२४ |
| ३ | मा.वि. | १२९ | – | १४६ | २७५ |

स्रोत : जि.शि.का. उदयपुर बार्षिक प्रगति विवरण - २०६६

तालिका अनुसार शिक्षक विवरण उदयपुरमा दरबन्दी, परियोजना र राहत अनुदान गरी जम्मा ३ प्रकारका देखिन्छ । जसमा प्रा.वि. तहमा दरबन्दी ९०१, नि.मा.वि. मा १८२ र मा.वि. मा १२९ रहेका छन् । यसै गरी परियोजनाको कोटामा प्रा.वि. तहमा ३० जना छन् । राहत अनुदानको प्रा.वि. मा ३४०, नि.मा.वि. मा २४२ र मा.वि. मा १४६ जना देखिन्छ ।

उक्त दुई तालिकाहरूलाई तुलनात्मक रूपमा अध्ययन गर्दा राष्ट्रिय रूपमा स्थापित शिक्षक विद्यार्थी अनुपात (प्रति शिक्षक ४० विद्यार्थी) भन्दा सबै तहमा बढी देखिन्छ (झा, २०५९) । जस्तै :

प्रा.वि. - ६३७५४/१२७१=५०

नि..मा.वि. - २६३३४/४२४=६२

मा.वि.- ११६३६/२७५=४२

## ४.२ अध्ययन क्षेत्रको परिचय (Introduction of Research Site)

उदयपुर जिल्लामा रहेका ४४ गाउँ विकास समिति १ नगरपालिका मध्ये बर्रे गा.वि.स. एक हो । यो गा.वि.स. जिल्ला सदर मुकामबाट करिव १४ कोस टाढा पश्चिमतिर पर्छ । उत्तरमा लेखगाउँ गा.वि.स. (महाभारत पर्वत) दक्षिणमा बडहरे खोला, पूर्वमा डुम्रे गा.वि.स. सातबोटे, पश्चिममा गेर्खेखोलाको दोभान (तावाश्री गा.वि.स.) यति चार किल्लाले घेरिएको खोच र पहाडको संगम गा.वि.स.हो । वडा नं २, ३, ४, ५ र ६ मा धान बाली हुन्छ भने अरुवडाहरूमा मकै, कोदो, तथा अन्य वाली हुने गरेको पाइन्छ । यस गा.वि.स.को कुल जनसंख्या ५२३८ छ भने जस मध्ये महिला २५८९, पुरष २६७८ र घरधुरी संख्या ८४७ छ । यस मध्ये पनि तामाङ जातिको कुल जनसंख्या १७३४ छ भने महिला ८२४, पुरुष ८१० र घरधुरी संख्या २८९ रहेको पाइन्छ .(तामाङ्ग, २०६७) ।

### ४.२.१ जनसंख्या (Population)

यस गाउँ विकास समितिको जनसंख्या वि.सं २०५८ सालको जनगणना अनुसार कुल जनसंख्या ४६१३ रहेको छ । जस मध्ये पुरुषले ४९.७२ प्रतिशत (२२९४) र महिलाले ५०.२७ प्रतिशत (२३१९) ओगटेको थियो । यसै गरि कुल घरधुरि संख्या ७९९ थियो भने क्रमश जनसंख्या वृद्धि हुने क्रमश २०६७ मा आएर कुल जनसंख्या ५२५७ रहेको छ । जस मध्ये महिला ४९.४२ प्रतिशत (२५९८) पुरुष ५०.५८ प्रतिशत (२६५९) र घरधुरि संख्या ८४७ छ । यस मध्ये पनि तामाङ जातिको कुल जनसंख्या १७३४ पुरुष ४६.७१ प्रतिशत (८१०) महिला ४७.५२ प्रतिशत (८२४) रहेको छ । यस्तै गरि घर परिवार संख्या २८९ रहेको छ (कटुवाल, २०६८) ।

### ४.२.२ जात अनसार जनसंख्या विवरण (Population by Caste)

बर्रे गाउँ विकास समितिको वडागत आधारमा जनसंख्या विवरण निम्न अनुसार पाइन्छ ।

**तालिका ४.४**

**जात अनुसार जनसंख्या विवरण**

| जात | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ब्राम्हण | x | १० | ६ | X | X | x | x | x | x | १६ |
| क्षेत्री | ६७ | ३१९ | १०४ | ९६ | ५२ | ४८ | ५० | ४३ | १८१ | ९६० |
| तामाङ | ४६२ | ११२ | ८८ | ४५ | ५२० | ८० | ४०२ | ८ | १७ | १७३४ |
| राई | ९८ | २२ | ५ | ५ | X | x | x | x | x | १३० |
| मगर | ३० | ९९ | २१ | २८३ | १३० | ३४० | २०० | २८२ | १९५ | १५८० |
| कामी | ३७ | ४३ | x | X | X | x | १९९ | x | ५१ | ३३० |
| नेवार | x | x | १०० | १०५ | ४५ | ५० | x | x | x | ३०० |
| दमाई | x | ४९ | x | x | x | x | x | ५१ | x | १०० |
| सन्यासी | x | x | ५ | ५९ | X | x | x | x | x | ६४ |
| कुर्मी | x | x | x | X | १४ | x | x | x | x | १४ |
| भुजेल | x | ९ | x | x | x | x | x | x | x | ९ |
| सार्की | x | २० | x | x | x | x | x | x | x | २० |

स्रोत : बर्रे गा.वि.स. को अभिलेख, २०६८

### ४.२.३ आर्थिक अवस्था (Economic Status)

यस क्षेत्रको आर्थिक अवस्था मुलत कृषिमा आधारित भएकोले यस गा.वि.स. मा ८६ प्रतिशत कृषिमा र १४ प्रतिशत अन्य पेशा अपनाएको पाइन्छ। पेशाका आधारमा जनसंख्या पुरै गा.वि.स. भरिको विवरण निम्न अनुसार छ (बर्रे गा.वि.स. अभिलेख, २०६८)।

**तालिका ४.५**

**बर्रे गा.वि.स. को जनसंख्याको पेशागत विवरण**

| क्र.सं. | पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | १६७७ | ८६ |
| २ | नोकरी | ३९ | २ |
| ३ | व्यापार | ९८ | ५ |
| ४ | साना उद्योग | १९ | १ |
| ५ | श्रमिक ज्याला | ११७ | ६ |
| जम्मा | | १९५० | १०० |

स्रोत : बर्रे गा.वि.स.को अभिलेख - २०६८

नोटः माथिको तालिकामा अध्ययन गर्दै गरेका बालबालिका र नाबालकलाई समावेस गरिएको छैन ।

तालिकामा देखाए अनुसार पुरै बर्रे गा.वि.स. मा कृषि पेशामा आधारित भएका जनसंख्या १६७७ जना वा ८६ प्रतिशत देखिन्छ । यसै गरी नोकरी गर्नेहरूमा ३९ जना वा २ प्रतिशत मात्र छन् भने व्यापारमा आधारीत ९८ जना वा ५ प्रतिशत रहेका छन् । त्यस्तै साना उद्योगतर्फ १९ जना वा १ प्रतिशत र श्रमिक ज्याला तर्फ ११७ वा ६% देखिन्छ । यसबाट के प्रष्ट हुन्छ भने कृषि पेशामा लाग्नेहरूको संख्या अझै पनि नेपालको औसत कृषिमा लाग्ने मानिसहरूको हाराहारीमा नै रहेको देखिन्छ ।

**तालिका ४.६**

**तामाङ जातिको पेशामा आधारित जनसंख्या विवरण**

| क्र.सं. | पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ५५२ | ८६ |
| २ | नोकरी | १३ | २ |
| ३ | व्यापार | ६ | १ |
| ४ | साना उद्योग | ६ | १ |
| ५ | श्रमिक | ६८ | १० |
| जम्मा | | ६४५ | १०० |

स्रोत : बर्रे गा.वि.स.को अभिलेख - २०६८

नोटः माथिको तालिकामा अध्ययन गर्दै गरेका बालबालिका र नाबालकलाई समावेस गरिएको छैन ।

तालिका ४.६ को अनुसार सबैभन्दा बढी (८६%) जनसंख्या कृषि पेशामा संलग्न छन् भने २ प्रतिशत जनसंख्या नोकरी पेशामा संलग्न छन् । त्यसै व्यापार, साना उद्योग तथा श्रमिक पेशामा १ प्रतिशत, १ प्रतिशत र १० प्रतिशत मानिसहरू संलग्न रहेका छन् । यस तालिकामा पनि तामाङ जातिहरूको बहुसंख्या नै कृषि पेशामा संलग्न भएको देखिन्छ ।

**तालिका ४.७**

**उमेरको आधारमा जनसंख्या वितरण**

| **क्र.सं.** | **उमेर समूह** | **संख्या** |
|---|---|---|
| १ | ०–४ | ६३५ |
| २ | ५–९ | ७५५ |
| ३ | १०–१४ | ७११ |
| ४ | १५–१९ | ४६५ |
| ५ | २०–२४ | ३४७ |
| ६ | २५–२९ | ३०० |
| ७ | ३०–३४ | २९५ |
| ८ | ३५–३९ | २४१ |
| ९ | ४०–४४ | १९२ |
| १० | ४५–४९ | १६० |
| ११ | ५०–५४ | १२७ |
| १२ | ५५–५९ | ९१ |
| १३ | ६०–६४ | ८८ |
| १४ | ६५–६९ | ८७ |
| १५ | ७०–७४ | ६२ |
| १६ | ७५ देखि माथि | ६६५ |

स्रोत : जि.वि.स. कार्यालय, उदयपुर -२०६८

### ४.२.५ शैक्षिक स्थिति (Educational Status)

सदरमुकामबाट १४ कोष टाढा रहेका यस गा.वि.स. को शैक्षिक स्थिति सामान्य रहेको पाइन्छ । यहाँ सरकारी विद्यालयहरूमा १ उच्च मा.वि., १ मा.वि., २ नि.मा.वि र ३ प्रा.वि. गरी जम्म ७ वटा रहेका छन् भने ४ वटा बालविकास केन्द्र पनि रहेका छन् (स्रोत: जि.शि.का प्रतिवेदन २०६७) ।

### ४.२.६ स्वास्थ्य (Health)

स्वास्थ्य सेवाको प्रमुख संख्याको रूपमा यस गा.वि.स.मा एउटा उप-स्वास्थ्य चौकी वडा नं. ३ मा रहेको छ । यस उप-स्वास्थ्य चौकीमा दुई जना स्वास्थ्यकर्मीले स्वास्थ्य सम्बन्धी सेवा सामान्य प्रदान गर्दछ । जस्तै प्राथमिक उपचार, परिवार नियोजन सम्बन्धी परामर्श तथा साधारण औषधी वितरण आदि (स्थलगत सर्वेक्षण, २०६८) ।

# अध्याय पाँच

## तथ्याङ्को विश्लेषण र व्याख्या (Data analisys and interpretation)

यस अध्यायमा तामाङ जातिको आर्थिक अवस्थाको विश्लेषण गरिएको छ । आर्थिक अवस्थासँग सम्बन्धित सुचकाङ्कहरुमा तामाङ जातिका पेशा, जमिनको परिमाण,खाद्य पर्याप्तता पशुपालन, ज्याला मजदुरी, वार्षिक आय व्यय र घरको प्रकार सम्बन्धी तथ्याङ्क विश्लेषण गरिएको छ ।

### ५ तामाङ जातिको आर्थिक अवस्था (Economic Status of Tamangs)

तामाङ जातिको आर्थिक स्थिति समग्र रूपमा भन्ने हो भने ज्यादै दयनीय पाइन्छ । यिनीहरूको अन्य जातिहरू झै आफ्नै किसिमको सामाजिक र सांस्कृतिक पहिचान छ । तराई, पहाड र उपत्यका वरपरका ठाउँमा छरिएर वसोवास गरी जीवन निर्वाह गर्ने क्रममा मुख्य पेशा कृषिलाई अपनाएको पाइन्छ साथै दोस्रो पेशाको रूपमा पशुपालन, ज्याला, मजदुरी, बन्द व्यापार, बाँसको चोयाबाट बन्ने सामग्री बनाउने आदि हुन् ।

माथि उल्लेखित अवस्था नै उदयपुर जिल्लाको बर्रे गा.वि.स. (वडा १,५,७) का तामाङहरूको आर्थिक अवस्था कतिपय रूपमा मिल्दाजुल्दा भएको पाइएको छ । यी वडाहरूमा तामाङहरू प्राय गरी भौगोलिक बिकट ठाउँ जस्तै सानो ढुंग्रे, खाल्टे, ल्हाप्से, लामादी, हातिटार, रैतिमा र माथिल्लो बर्रे आदिमा बसोवास गरेको पाइयो । तामाङ जातिको आर्थिक अवस्था पत्ता लगाउन निम्न सुचकाङ्क ( Indicator ) लाई आधार मानिएर अध्ययन गरिएको छ ।

### ५.१.१ तामाङ जातिको पेशा ( Profesion of tamang )

प्रमुख पेशा खेतीपाती भएता पनि अरु सहायक पेशाको रूपमा पशुपालन, ज्याला मजदुरी, जग्गा र पशु अधिया, स-साना उद्योग (घट्टा, मिल), बाँसको चोयाबाट बन्ने सामाग्री डोको, डालो, कोक्रो, नांलो, घुम बनाउने काम, बन्द व्यापार आदिमा संलग्न भई जीवन गुजारा गरिरहेको पाइयो । यसका साथै वैदेशीक रोजगारको लागि खाडी मुलुकमा गएको पाईयो । नमुना छनौटमा परेका तामाङ समुदायका घरपरिवारको मुख्य आयश्रोतका आधारमा पारिवारिक पेशालाई निम्न तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका ५.१**

**तामाङ समुदायको पेशागत विवरण**

| क.सं. | आयस्रोतको किसिम | बारम्बारता | प्रतिशत | जम्मा घर धूरी |
|---|---|---|---|---|
| १ | कृषि | ५० | १०० | ५० |
| २ | ज्याला मजदूरी | ३८ | ७६ | ५० |
| ३ | चोयाको सामाग्री | ८ | १६ | ५० |
| ४ | नोकरी | ७ | १४ | ५० |
| ५ | स-साना उद्योग (घट्टा, मिल) | २ | ४ | ५० |
| ६ | व्यापार | २ | ४ | ५० |
| ७ | वैदेशिक रोजगार | २ | ४ | ५० |

स्रोत : स्थलगत सर्वेक्षण - २०६८

माथिको तालिका अनुसार हेर्दा नमुना छनौटमा परेका ५० घरपरिवारमा ५० घरपरिवार नै कृषिमा आधारित जुन १०० प्रतिशत रहेका छन् । त्यस्तै गरी ज्याला मजदुरी गर्नेमा ३८ घरपरिवार वा ७६ प्रतिशत चोयाबाट बन्ने विभिन्न सामाग्रीहरू बनाउन काम गर्ने घरपरिवार ८ वा १४ प्रतिशत, नोकरी (शिक्षक, प्रहरी) मा ७ घरपरिवार संलग्न भएको पाइन्छ भने स-साना उद्योग (मिल, घट्टा), व्यापार र वैदेशीक रोजगार (खाडी मुलुक) मा दुई दुई घरपरिवार वा ४ प्रतिशत मात्र देखिन्छ ।

यस तथ्याङ्कले त्यहाँका तामाङहरु पूर्ण रुपमा कृषिमा लागेको बताउछ संगसंगै ज्याला मजदुरी आदिमा वढी आश्रित पाईयो जसले आर्थिक अवस्था मजवुत नभएको र राष्ट्रिय मापदण्डको अनुसार कृषिमा ७६ प्रतिशतमा आधारीत छ भने यहाँका तामाङ जाति चाही १०० प्रतिशत कृषिमा निर्भर पाइयो । जसले गर्दा उनीहरुको आर्थिक अवस्था कमजोर रहेको देखिन्छ ।

### ५.१.२ भू स्वामित्वको परिमाण (Land Size)

अध्ययनको क्रमका पाइएको तामाङ जातिको भूस्वामित्वको विवरण निम्न तालिकामा देखाइएको छ ।

**तालिका ५.२**

**तामाङ जातिको भूस्वामित्वको विवरण**

| **क.सं.** | **जमिनको परिमाण** | **घर धूरी संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | १० रोपनी सम्म | १० | २० |
| २ | १० देखि २० रोपनीसम्म | १६ | ३२ |
| ३ | २० देखि ३० रोपनीसम्म | १४ | २८ |
| ४ | ३० रोपनी भन्दा माथि | १० | २० |

स्रोत : स्थलगत सर्वेक्षण - २०६८

तालिका ५.२ का अनुसार १० रोपनीसम्म जमिन भएका घरपरिवार संख्या १० वा २० प्रतिशत देखिन्छ त्यस्तै गरी १० देखि २० रोपनी सम्म जमिन भएका १६ घरपरिवार वा ३२ प्रतिशत देखिन्छ भने २० देखि ३० रोपनी जमिन भएका घरपरिवार संख्या १४ वा २८ प्रतिशत देखिन्छ । साथै ३० रोपनी भन्दा माथि  घरपरिवार संख्या १० वा २० प्रतिशत भएको पाइन्छ  ।

नमुना छनौटमा परेका घरपरिवारको तथ्याङ्कलाई हेर्दा सबै घरपरिवारको स्वामित्वमा जग्गा जमिन भएको पाइयो । सबैको जग्गा भएता पनि ३० रोपनी भन्दा माथि १० घरपरिवार वा २० प्रतिशतलाई मात्र वर्षभरी खान पुग्ने बताएकाले अरु ८० प्रतिशत घरपरिवारलाई वर्षमा ४-५ महिना, कोहीले ६-७ महिना मात्र खान पुग्ने अवस्थाले गर्दा अरुको जग्गा कमाउने (मोही), पशु वटिया, ज्याला मजदुरी, बाँसको चोयाबाट बन्ने सामाग्री बनाएर जिविका चलाएको पाइयो ।

### ५.१.३ खाद्य पर्याप्तता (Food Availability)

अध्ययनको क्रममा पाइएको तामाङ जातिको खाद्य पर्याप्तताको विवरण निम्न तालिकामा देखाइएको छ ।

### तालिका ५.३

### तामाङ जातिको खाद्य पर्याप्तताको विवरण

| क्र.सं. | खाद्य पर्याप्तताको अवधी | घरधूरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ६ महिना सम्म | २२ | ४४ |
| २ | ६-१० महिना सम्म | १८ | ३६ |
| ३ | १०-१२ महिना सम्म | १० | २० |
| ४ | १२ महिना सम्म | १० | २० |

स्रोत : स्थलगत सर्वेक्षण - २०६८

माथिको तालिकाको आधारमा अध्ययन क्षेत्रका नमूना छनौटमा परेका कुल ५० घरधुरी तामाङ घरपरिवार मध्ये ६ महिनासम्म मात्र खाद्य पर्याप्तता भएको २२ घरपरिवार वा ४४ प्रतिशत देखिन्छ भने ६ देखि १० महिना सम्म खान पुग्ने १८ घरपरिवार वा ३६ प्रतिशत रहेको देखिन्छ साथै १० देखि १२ महिना सम्म खान पुग्ने १० घरपरिवार वा २० प्रतिशत घरधुरी संख्या रहेको देखिन्छ त्यस्तै गरी १२ महिना सम्म १० घरपरिवारले मात्रै वर्षभरी खान पुग्ने जुन २० प्रतिशत देखिन्छ जुन तेस्रो नेपाल जीवनस्तर सर्वेक्षण २०६६/६७ को तथ्याङ्क हेर्दा नेपालको कुल जनसंख्यामा खाद्य पर्याप्तता बार्षिक रुपमा १५.७ प्रतिशतलाई खाद्य पर्याप्तता नभएको देखाएको छ भने अध्ययन क्षेत्रमा ८० प्रतिशतलाई खाद्य पर्याप्तता नभएको पाइयो । यस आधारमा के स्पष्ट हुन्छ भने त्यहाँका तामाङहरु अधिकांश गरिविको चपेटामा छन भन्ने बुझिन्छ ।

### ५.१.४ पशुपालन (Livestock)

अध्ययनको क्रममा पाइएको तामाङ जातिको पशुपालको विवरण निम्न तालिकामा देखाइएको छ ।

## तालिका ५.४

## तामाङ जातिको पशुपंक्षी सम्वन्धि विवरण

| क्र.सं. | पशुपंक्षीको किसिम | बारम्बारता | प्रतिशत | जम्मा घरधूरी |
|---|---|---|---|---|
| १ | कुखुरा | ५० | १०० | ५० |
| २ | खसी बाखा | ४६ | ९२ | ५० |
| ३ | परेवा | ३ | ६ | ५० |
| ४ | भैसी, रागाँ | २० | ४० | ५० |
| ५ | गाई गोरु | २९ | ५८ | ५० |
| ६ | सुँगुर | ९ | १८ | ५० |
| ७ | अन्य | - | - | ५० |

स्रोत : स्थलगत सर्वेक्षण - २०६८

माथि तालिका ५.४ मा हेर्दा केही मात्रामा भएपनि तामाङहरू सबै परिवारले कुखुरा पालन गरेको देखिन्छ भने खसी बाखा ४६ घरपरिवार वा ९२ प्रतिशतले मात्र पालेको पाइन्छ । सबै भन्दा कम घरपरिवारले परेवा पालेको देखिन्छ । जुन ३ घरपरिवार वा ६ प्रतिशत रहेका छन् । त्यस्तै भैसी, रागाँ २० घरपरिवार वा ४० प्रतिशत रहेको छ । गाई, गोरु २९ घरपरिवार वा ५८ प्रतिशतले पालेको र सुँगुर ९ घरपरिवार वा १८ प्रतिशत रहेको पाइन्छ ।

सहायक पेशाको रूपमा पशुपालनलाई अपनाएको पाइयो । अध्ययनको सिलसिलामा आजको भन्दा लगभग ८-१० वर्ष अगाडि प्रत्येक घरपरिवारमा गाई, गोरु, भैसी, पाल्ने प्रचलन रहेको तर हाल आएर पशुपालनमा कमी भएको जानकारी पाइयो । केहि (८-१० घरपरिवार) ले गाई, भैसी पालन गरि दुध, दहि, ध्यू बेच्ने गरेको रहेछन् भने पशुपालन गर्ने मुख्य कारणको रूपमा मल तथा जग्गा जोत्ने प्रयोजन रहेको यहाँका बासिन्दाहरू बताउँछन् । साथै पशुलाई आवश्यक पर्दा घरव्यवहारका निम्ति प्रयोग र केहि मात्रामा विक्रि गरि आम्दानीको स्रोत बढाउने गरेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने व्यवसायीक रुपमा पशुपालन नगरेर आवश्यकता टार्नमात्र पशुपालन गरेको पाइयो जसले गर्दा आर्थिक अवस्था बढाउन नभई धान्न मात्र खोजेको पाइन्छ ।

### ५.१.५ ज्याला मजदुरी (Daily Wage Labor)

अध्ययनको क्रममा पाइएको तामाङ जातिको ज्याला मजदुरीको विवरण निम्न तालिकामा देखाइएको छ ।

**तालिका ५.५**

**तामाङहरू ज्यादा मजदुरी गर्न जाने क्षेत्रहरू**

| क्र.सं. | काम गर्न जाने क्षेत्र | बारम्बारता | प्रतिशत | जम्मा घर धूरी |
|---|---|---|---|---|
| १ | गाउँघर वरिपरि | ३८ | ७६ | ५० |
| २ | छिमकी गाउँतिर | २७ | ५२ | ५० |
| ३ | काठमाडौ | १० | २० | ५० |
| ४ | अन्य ठाउँ | ५ | १० | ५० |

स्रोत : स्थलगत सर्वेक्षण - २०६८

तालिका ५.५ का अनुसार तामाङका ५० घर परिवारमा गाउँघर वरिपरि ज्याला मजदुरी गर्ने ३८ घरपरिवार वा ७८ प्रतिशत रहेको छ भने छिमेकी गाउँतिर २६ घरपरिवार वा ५२ प्रतिशतले ज्याला मजदुरी गर्दछन् । त्यसैगरी काठमाडौंतिर गई ज्याला मजदुरी गर्नेमा १० घरपरिवार वा २० प्रतिशत रहेको देखिन्छ । अन्य ठाउँमा गई काम गर्ने (खाडी मुलुक) ५ घरपरिवारको संख्या अर्थात १० प्रतिशत छन् ।

उक्त तथ्याङ्कको आधारमा यहाँका तामाङहरुको मुख्य ज्याला मजदुरी गर्ने गाँउघर वरिपरी भएको पाइयो । जसले गर्दा उनीहरुको ज्यालाबाट प्राप्त आम्दानी निर्वाहमुखी मात्र पाइयो ।

### ५.१.६. बैंक ऋण (Bank Loan)

अध्ययनको क्रममा पाइएको तामाङ जातिको बैंक ऋणको विवरण निम्न तालिकामा देखाइएको छ ।

### तालिका नं ५.६

### तामाङ जातिले ऋण सापटी लिने ठाउँ र घरधुरी विवरण

| क.सं. | ऋण सापटी लिने ठाउँ | घरधुरी संख्या | प्रतिशत | जम्मा घर धूरी |
|---|---|---|---|---|
| १ | बैंक (कृषि तथा वाणिज्य) | ३ | ६ | ५० |
| २ | साहु महाजन तथा आफन्त | ३७ | ७४ | ५० |
| जम्मा | | ४० | ८० | ५० |

स्रोत : स्थलगत सर्वेक्षण - २०६८

माथिको तालिका ५.६ का अनुसार हेर्दा ३ वा ६ प्रतिशत घर परिवारले बैंकबाट विविध कार्यका लागि ऋण लिएको पाइन्छ भने ३९ वा ७८ प्रतिशत घर परिवारहरूले साहु महाजन र आफन्तबाट ऋण लिएको देखिन्छ। बाँकी १० घर परिवार वा २० प्रतिशतले भने कसैबाट पनि ऋण लिएको पाइदैन। राष्ट्रिय स्तरमा २० प्रतिशतले बैङ्कबाट ऋण लिइएको पाइन्छ भने त्यहाँका तामाङहरुले ६ प्रतिशतले मात्र बैङ्कबाट ऋण लिएको र अरु बाँकीले ७४ प्रतिशत साहुमहाजनसँग ऋण लिएको पाइयो जुन तेस्रो नेपाल जीवनस्तर सर्वेक्षण २०६६/६७ को आधारमा तुलना गर्दा ५९ प्रतिशतले ऋण लिएको पाइयो जहाँ व्याज बैङ्कको तुलनामा दोब्बर पाइयो।

### ५.१.७. बार्षिक आयको स्थिति (Annual Income Status)

अध्ययनको क्रममा पाइएको तामाङ जातिको बार्षिक आयको स्थितिको विवरण निम्न तालिकामा देखाइएको छ।

### तालिका ५.७

### तामाङ जातिका बार्षिक आय विवरण


| क.सं. | आम्दानी रकम (रु.मा.) | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १५ हजार भन्दा कम | १३ | २६ |
| २ | १५ देखि ३० हजार सम्म | २७ | ५४ |
| ३ | ३० हजार भन्दा माथि | १० | २० |
| जम्मा | | ५० | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण - २०६८

माथिको तालिकालाई थप स्पष्ट पार्न निम्न चित्रबाट पनि देखाइएको छ

**चित्र ५.१**

**तामाङ जातिको आय विवरण**




माथि उल्लेखित तालिका ५.७ बमोजिम १३ घरपरिवार वा २६ प्रतिशतको बार्षिक आय १५ हजार भन्दा कम भएको देखिन्छ । त्यस्तै गरि २७ घर परिवार वा ५४ प्रतिशतको बार्षिक आय १५ हजारदेखि ३० हजारसम्म भएको पाइन्छ साथै १० घरपरिवार वा २० प्रतिशको ३० हजार भन्दा माथि रहेको पाइन्छ । कम आय भएको घरपरिवार भने वटैया, ज्यालामजदुरी, चोयाबाट बन्ने सामाग्री बनाइ बिक्रि गरी जीवन निर्वाह गरेको पाइन्छ । साथै ३० हजार देखि माथि आय हुनेहरु नोकरी गर्ने, विदेश जाने र व्यापार गरी कमाई घरपरिवार चलाएको पाइयो । तेस्रो नेपाल जीवन स्तर सर्वेक्षण २०६६/६७ का अनुसार प्रतिव्यक्ति आय ४१.६५९ रहेकोमा अध्ययन क्षेत्रमा प्रति परिवार आम्दानी नै ३० हजार भन्दा माथी हुने परिवार २० प्रतिशत रहेकाले त्यहाँको तामाङका प्रतिव्यक्ति आय राष्ट्रिय प्रतिव्यक्ति आम्दानीको तुलनामा ज्यादै कम रहेको पाइयो ।

### ५.१.८. व्ययको स्थिति (Expense Status)

ध्ययनको क्रममा पाइएको तामाङ जातिको व्ययको स्थितिको विवरण निम्न तालिकामा देखाइएको छ ।

यस अध्ययन क्षेत्रका तामाङ जातिले खर्च खाद्यान्न, लुगाफाटा, औषधी खर्च, शिक्षामा लगानी, खेतबारीमा खर्च, चाडपर्व, अन्य भैपरी आउने खर्च आदिमा गरेको

पाइयो । यी विभिन्न क्षेत्रमा बार्षिक व्यय १५ हजार भन्दा कम, १५ हजार भन्दा माथि खर्च गर्ने घरपरिवार देखिन्छ जुन तल तालिकामा देखाएको छ ।

**तालिका ५.८**

**तामाङ जातिका बार्षिक व्याज विवरण**

| **क.सं.** | **खर्च विवरण** | **घरपरिवार संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | १५ हजार भन्दा कम | १३ | २६ |
| २ | १५ देखि ३० हजार सम्म | २७ | ५४ |
| ३ | ३० हजार देखि माथि | १० | २० |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण - २०६८

माथि तालिका अनुसार १५ हजार भन्दा कम व्यय गर्ने घरपरिवार संख्या १३ वा २६ प्रतिशत छन् । यि परिवारले सस्तो खाद्यान्नको प्रयोग साथै माछा मासु सपनामा जस्तो खाने गरेको महशुस हुन्छ भन्ने कुरा बताउँछन् । यसै गरी १५ हजार देखि ३० हजार सम्म खर्च गर्ने २७ घरपरिवार वा ५४ प्रतिशत देखिन्छ भने ३० हजार देखि माथि बार्षिक व्यय गर्ने १० घरपरिवार वा २० प्रतिशत छन् । यो तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने प्रत्येक परिवारले आय सबै खर्च गरेको पाइयो जसले गर्दा बचत शुन्य देखिन्छ । जुन उनिहरुको कमजोर आर्थिक अवस्थाको पहिचान हो ।

### ५.९. घरका प्रकार (House Type)

यस नमूना छनौटमा लिइएको घरपरिवारको घरको प्रकारलाई तल तालिकामा देखाइएको छ ।

**तालिका ५.९**

**घरका प्रकार छानाको आधारमा घरधुरी विवरण**

| क.सं. | छानाको प्रकार | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खर वा पराल | ५० | १०० |
| २ | जस्ता | – | – |
| ३ | ढलान | – | – |
| ४ | टायल | – | – |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण - २०६८

माथिको तालिका अनुसार नमूना छनौटमा परेका ५० घरपरिवारमा ५० घरपरिवारको नै कसैको खरको छाना छ भने कसैको परालको छाना भएको पाइयो । यस्तो हुनुको पछाडि आर्थिक अवस्था नाजुक भएको देखिन्छ । जुन नेपाल जीवन स्तर सर्वेक्षण २०६६/६७ का अनुसार नेपालको घरका प्रकारलाई हेर्दा खर वा पराल १८ प्रतिशत, जस्ता २८ प्रतिशत, ढलान २० प्रतिशत, टायल ३० प्रतिशत देखिन्छ भने नमूना छनौटमा परेका ५० घरपरिवारको तामाङ जातिको घरका प्रकार खर वा परालको मात्र देखिन्छ । यो तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने उनिहरुको आर्थिक अवस्था ज्यादै कमजोर भएको देखिन्छ ।

## ५.२ शैक्षिक अवस्था (Educational Status)

यस अध्यायमा अध्ययन क्षेत्रका तामाङ जातिहरूको शैक्षिक अवस्थाको बारेमा उल्लेख गरिएको छ । नमुना छनौटमा परेका विद्यालयहरुको शैक्षिक अवस्था स्पष्ट पार्न विद्यार्थि भर्ना उत्तिण र कक्षा दोहोर्‍याउने तथ्याङ्कलाई विश्लेषण गरीएको छ । साथै आर्थिक अवस्थाले शैक्षिक अवस्थामा पारेको प्रभाव विश्लेषण गरिएको छ ।

### ५.२.१ अध्ययन क्षेत्रको साक्षरता स्थिति (Literacy Status of the Research/site)

शिक्षाको क्षेत्रमा यस गाउँ विकास समितिको छिमेकी गाउँ विकास समिति पंचावतीमा २००९ सालमा प्रा.वि. स्तरमा स्वीकृत भइ हाल आएर पंचावती उच्च मा.वि. उदयपुर गडी वनी संचालन भइरहेको छ भने बर्रे गा.वि.स. वडा नं १ मा पर्ने विद्यालय २०१७ सालमा हालको उच्च मावि. छिन्द्रिङखोला बर्रे प्रा.वि. को रूपमा स्थापना भएको थियो । २०२८ मा नयाँ शिक्षा योजना लागु भएपछि क्रमश अरु वडाहरूमा पनि

विद्यालयहरू स्थापना भएको पाइन्छ । यी विद्यालयहरूले ९ वटै वडाका जनताहरूका बालबालिकाहरूलाई सेवा दिइरहेको पाइन्छ ।

विद्यालयको संख्यालाई मध्यनजर राख्दा पठनपाठनबाट बञ्चित हुने संख्या कम हुनु पर्ने देखिन्छ तर यसको ठीक विपरित जनचेतनाको अभावको र न्यून आर्थिक अवस्थाले गर्दा यस क्षेत्रका बालबालिहरूले अझै पनि शिक्षाको पहुँचबाट विमुख भएको पाइन्छ । यसका साथ साथै तामाङ जातिका बालबालिकाहरु दयनीय आर्थिक अवस्था तथा प्रा.वि. तहमा शिक्षा निःशुल्क भएपनि नि.मा.वि. र मा.वि. मा मनपरी रूपमा उठाएको चर्को शुल्कले गर्दा शिक्षाको क्षेत्रबाट बन्चित भएको पाइन्छ (तामाङ, २०६९) र यस अन्तर्गत नमुना छनौटमा परेका ५० घरपरिवारका साक्षरताको स्थितिलाई यहाँ देखाइएको छ ।

**तालिका ५.१०**

**तामाङ जातिको साक्षरतको स्थिति**

| विवरण | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| साक्षर | ७९ | ७१.८१ | ५७ | ४४.८८ | १३६ | ५७.३८ |
| निरक्षर | ३१ | २८.८१ | ७० | ५५.११ | १०१ | ४२.६१ |
| जम्मा | ११० | १०० | १२७ | १०० | २३७ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

तालिका ६.१ को अनुसार नमुना छनौटमा परेका तामाङको घरधुरिमा साक्षरको स्थितिलाई हेर्दा जम्मा १३६ जना रहेको छ जसमा पुरुष ७९ जना र महिला ५७ जना छन् । त्यस्तै गरी निरक्षर १०१ जना पाइयो । जहाँ पुरुष ३१ जना र महिला ७० जना रहेका छन् । निरक्षर भन्दा साक्षरताको संख्या पुरुषको बढि देखिन्छ भने महिलाको पनि साक्षरताको संख्या भन्दा निरक्षरताको धेरै देखिन्छ ।

### ५.२.२ वडागत शैक्षिक स्थिति (Educational Status by Wards)

वडागत शैक्षिक स्थिति अन्तर्गत नमूना अनौटमा परेका वडाहरु १, ५, ७ को तामाङ जातिको शैक्षिक स्थिति देखाइएको छ ।

### ५.२.३ वडा नं १ को शैक्षिक स्थिति (Education Status of Ward 1)

यस नमुना छनौटमा परेका घरपरिवारका बालबालिकाहरूको शैक्षिक स्थितिलाई वडागतरूपमा देखाउने क्रममा वडा नं १ बर्रेका बालबालिकाहरूको शैक्षिक स्थितिलाई देखाइएको छ ।

### तालिका ५.११

### वडा नं. १ को तामाङ जातिको शैक्षिक स्थिति

| वडा नं. | जम्मा घर परिवार | नमूना घरपरिवार | जम्मा केटाकेटी | | स्कूल जाने उमेरका केटाकेटी | | स्कूल जाने केटाकेटी | | घर मुलिको शैक्षिक स्थिति | | स्कूल नजाने केटाकेटी | | स्कूल जाने केटाकेटीको प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | केटा | केटी | केटा | केटी | केटा | केटी | साक्षर | निरक्षर | केटा | केटी | केटा | केटी |
| १ | ७७ | १७ | ३२ | ३६ | २६ | २८ | २० | २१ | ५ | १२ | ६ | ७ | ४८.७८ | ५१.२१ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

माथिको तालिका ६.२ मा तामाङ जातिका जम्मा ७७ घरपरिवार मध्ये नमूना छनौटमा १७ घरपरिवारलाई मात्र लिएको छ । यहाँ १७ घरपरिवारका जम्मा केटाकेटी ६८ जनामा स्कुल जाने उमेर भएका केटाकेटीहरू ५४ जना छन् । यसमा पनि स्कुल जाने गरेका केटाकेटीहरू जम्मा ४१ जना मात्र छन् भने त्यसमा पनि केटाहरू २० जना वा ४८.७८ प्रतिशत, केटीहरू २१ जना वा ५१.२१ प्रतिशत र स्कुल जाने उमेर भएर पनि नजाने केटाहरू ६ जना, केटीहरू ७ जना भएको पाइन्छ । कतिपय अभिभावकमा कमजोर आर्थिक अवस्था हुनाले प्रा.वि. उमेरका र सो भन्दा माथिका उमेरका बालबालिकाहरू विद्यालय शिक्षाबाट बन्चित छन् ।

### ५.२.४ तामाङ जातिको वडा नं ५ को शैक्षिक स्थिति (Education Status of Tamangs From Ward 5)

वडा नं ५ मा जम्मा तामाङ जातिका ८४ घरपरिवारमा उद्देश्यमुलक आधारमा जम्मा १७ घर परिवारलाई गोलाप्रथाद्वारा छानिएको थियो । जसको शैक्षिक स्थितिलाई तालिका ६.३ मा देखाइएको छ ।

### तालिका ५.१२

### वडा नं. ५ को तामाङ जातिको शैक्षिक स्थिति

| वडा नं. | जम्मा घर परिवार | नमूना घरपरिवार | जम्मा केटाकेटी | | स्कूल जाने उमेरका केटाकेटी | | स्कूल जाने केटाकेटी | | घर मुलिको शैक्षिक स्थिति | | स्कूल नजाने केटाकेटी | | स्कूल जाने केटाकेटीको प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | केटा | केटी | केटा | केटी | केटा | केटी | साक्षर | निरक्षर | केटा | केटी | केटा | केटी |
| ५ | ८४ | १७ | ३६ | ३८ | २८ | २९ | १५ | १७ | ३ | १४ | १३ | १२ | ४६.७७ | ५३.१२ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

तालिका ६.३ का अनुसार तामाङ जातिका जम्मा ८४ घरपरिवार वडा नं ५ मा रहेकोमा १७ घरपरिवारलाई मात्र नमुनाको छनौटको रूपमा राखिएको छ । जसमा जम्मा तामाङ जातिका केटाकेटीहरू ७४ जना रहेका छन् भने स्कुल जाने उमेर भएका केटाकेटी जम्म ५७ जना छन् । त्यस मध्ये पनि स्कुल जाने गरेका ३२ जना जसमा केटा १५ वा ४६.७७ प्रतिशत, केटी १७ वा ५३.१२ प्रतिशत रहेको देखिन्छ । त्यसै गरि स्कुल नजाने जम्मा २५ जना रहेकोमा केटा १३, केटी १२ जना रहेका छन् ।

सवै स्कुल जाने उमेर भएका केटाकेटीहरु स्कुल नजानुमा अभिभावकको शिक्षा र आर्थिक अवस्था प्रमुख कारण रहेको पाइयो ।

### ५.२.५ वडा नं ७ को तामाङ जातिको शैक्षिक स्थिति (Education Status of Tamangs from Ward 7)

वडा नं ७ मा जम्मा ६७ घरपरिवार तामाङ जातिको रहेकोमा उद्देश्यमुलक आधारमा जम्मा १६ घरपरिवारलाई गोलाप्रथाद्वारा छानिएको थियो । यी घरपरिवारको शैक्षिक अवस्थाको सर्वेक्षण गरिएको थियो । जसको तालिका ६.४ मा देखाइएको छ ।

**तालिका ५.१३**

**वडा नं. ७ को तामाङ जातिको शैक्षिक स्थिति**

| वडा नं. | जम्मा घर परिवार | नमूना घरपरिवार | जम्मा केटाकेटी | | स्कूल जाने उमेरका केटाकेटी | | स्कूल जाने केटाकेटी | | घरमुलिको शैक्षिक स्थिति | | स्कूल नजाने केटाकेटी | | स्कूल जाने केटाकेटीको प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | केटा | केटी | केटा | केटी | केटा | केटी | साक्षर | निरक्षर | केटा | केटी | केटा | केटी |
| ७ | ६७ | १६ | ३५ | ३७ | २५ | २८ | १७ | १५ | २ | १४ | ८ | १३ | ५३.१२ | ४६.७७ |

स्रोत: स्थलगत सर्वेक्षण, २०६८

तालिका अनुसार वडा नं ७ मा नमुना छनौटको रूपमा तामाङ जातिको १६ घरपरिवारलाई मात्र समावेश गरेको थियो । यस वडामा जम्मा ७२ केटाकेटीहरूमा स्कुल जाने भएका केटाकेटी ५३ जना थिए । यी सबै स्कुल जाने उमेर भए पनि ३१ जना केटाकेटीहरू मात्र जाने गरेको पाइयो भने त्यस मध्य पनि स्कुल जाने केटा १७ जना वा ५३.२१ प्रतिशत र केटी १५ जना वा ४६.७७ प्रतिशत देखिन्छ । २१ जना केटाकेटीहरू स्कुल जाने उमेर भए पनि नगएको पाइयो ।

### ५.२.६ जनता नि.मा.वि. रैतिमाको बालबालिकाहरूको कक्षागत भर्ना संख्या

**तालिका ५.१४**

**जनता नि.मा.वि. रैतिमाका बालबालिकाहरूको कक्षागत भर्ना विवरण, २०६७**

| कक्षा | कुल विद्यार्थी संख्या | | | तामाङ विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | २९ | ३२ | ६१ | १७ | १५ | ३२ |
| २ | २० | १० | ३० | ८ | ७ | १५ |
| ३ | १५ | १३ | २८ | १० | ८ | १८ |
| ४ | १४ | १३ | २७ | ५ | ४ | ९ |
| ५ | १८ | १६ | ३४ | ५ | ४ | ९ |
| ६ | ११ | १४ | २५ | ५ | ३ | ८ |
| ७ | १० | १२ | २२ | ४ | ४ | ८ |
| ८ | १० | १२ | २२ | ४ | २ | ६ |
| जम्मा | १२७ | १२२ | २४९ | ५८ | ४७ | १०५ |

स्रोत: विद्यालय अभिलेख फारम, २०६८

तालिका ६.५ मा उल्लेखित तामाङ जातिका बालबालिकाहरू कक्षा १ देखि ८ सम्म नै भर्ना भएको देखिन्छ । प्रा.वि. स्तरमा १८० जना मध्ये तामाङ विद्यार्थी ८३ जना भर्ना भएका देखिन्छ । जसमा छात्र ४५ जना छन् भने छात्रा ३८ जना देखिन्छ । यस विद्यालयको सेवा क्षेत्र भित्र तामाङ जातिको बढि घनत्व भए पनि सो आधारमा भर्ना संख्या अझै कम देखिन्छ । यस्तै गरी नि.मा.वि. मा जम्मा ६९ जना छन् भने तामाङ विद्यार्थी २२ जना भर्ना भएको पाइन्छ । नि.मा.वि. तहमा आएर तामाङ विद्यार्थी संख्या धेरै कम देखिन्छ । यसको कारण जनचेतनाको अभाव, न्यून आर्थिक स्थिति र बालमैत्रि शिक्षा प्रदान नगरीनु हो भनी यसै विद्यालयका प्र.अ. धमानसिंह खड्का बताउनु हुन्छ ।

## ५.२.७ जनता नि.मा.वि. रैतिमाका बालबालिकाहरूको कक्षागत उत्तिर्ण विवरण

**(Progress Report of Students from Janata Lower Secondary School)**

तालिका ५.१५

जनता नि.मा.वि. रैतिमाका बालबालिकाहरूको कक्षागत उत्तिर्ण विवरण, २०६८

| कक्षा | कुल उत्तिर्ण विद्यार्थी संख्या | | | तामाङ उत्तिर्ण विद्यार्थी संख्या | | | तामाङ उत्तिर्ण विद्याथीको प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | २५ | २८ | ५३ | १५ | १४ | २९ | ८८.२३ | ९३.३३ | ९०.६२ |
| २ | १९ | ६ | २५ | ८ | ४ | १२ | १०० | ५७.१४ | ८० |
| ३ | १४ | १० | २४ | ९ | ७ | १६ | ९० | ८७.५ | ८८.९ |
| ४ | १२ | १० | २२ | ४ | २ | ६ | ८० | ५० | ६६.६६ |
| ५ | १४ | १२ | २६ | ५ | – | ५ | १०० | – | ५५.५५ |
| ६ | ७ | ६ | १३ | ४ | १ | ५ | ८० | ३३.३३ | ६२.५० |
| ७ | ८ | ९ | १७ | ४ | २ | ६ | १०० | ५० | ७५ |
| ८ | ६ | ६ | १२ | ३ | – | ३ | ७५ | – | ५० |
| जम्मा | १०५ | ८७ | १९२ | ५१ | ३० | ८२ | ८७.९३ | ६३.८२ | |

स्रोत: विद्यालय अभिलेख, २०६८

माथिको तालिका अनुसार कक्षा १ मा उत्तिर्ण विद्यार्थी संख्या जम्मा ५३ जना रहेकोमा तामाङ विद्यार्थी संख्या २९ जना मात्र देखिन्छ । जसमध्ये तामाङ केटा १५ जना वा ८८.२३ प्रतिशत, केटी १४ जना वा ९३.३३ प्रतिशत विद्यार्थी छन् । त्यसैगरी २ कक्षामा १२ जना मध्ये केटा ८ जना वा १०० प्रतिशत, केटी ४ जना वा ५७.१४ प्रतिशत विद्यार्थी, ३ कक्षामा १६ जना मध्ये केटा ९ जना वा ९० प्रतिशत, केटी ७ जना वा ८७.५ प्रतिशत विद्यार्थी, ४ कक्षामा ६ जना मध्ये केटा ४ जना वा ८० प्रतिशत, केटी २ जना वा ५० प्रतिशत विद्यार्थी, ५ कक्षामा ५ जना मध्ये केटा ५ जना वा १०० प्रतिशत, ६ कक्षामा ५ जना मध्ये केटा ४ जना वा ८० प्रतिशत, केटी १ जना वा ३३.३३ प्रतिशत विद्यार्थी, ७ कक्षामा ६ जना मध्ये केटा ४ जना वा १०० प्रतिशत, केटी २ जना वा ५० प्रतिशत विद्यार्थी र ८ कक्षामा ३ जना मध्ये केटा ३ जना वा ७५ प्रतिशत तामाङ जातिका विद्यार्थीहरू उत्तिर्ण रहेका छन् । यि तथ्याङ्कबाट यो स्पष्ट हुन्छ कि जति माथिल्लो कक्षामा

गयो त्यति नै विद्यार्थी संख्या घट्दै गएकोले तामाङ जातिको बालबालिकाहरू उच्च शिक्षा हासिल गर्न नसकेको देखिन्छ । साथै आर्थिक विपन्नता, जनचेतनाको कमी, बालमैत्री शिक्षाको अभावले गर्दा तामाङ विद्यार्थीहरुको माथिल्लो कक्षामा उतिर्ण सङ्ख्या कम भएको यसै विद्यालयका प्र.अ.ले बताउनु भयो ।

### ५.२.८ जनता नि.मा.वि. रैतिमाका कक्षा दोहोऱ्याउने बालबालिकाहरूको संख्या

**(Statistics of the Repeateres from Janata Lower Secondary School)**

**तालिका ५.१६**

**जनता नि.मा.वि. रैतिमाका कक्षा दोहोर्‍याउने बालबालिकाहरूको विवरण, २०६८**

| कक्षा | कुल विद्यार्थी संख्या | | | तामाङ विद्यार्थी संख्या | | | तामाङ विद्यार्थीको प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | २ | ३ | ५ | १ | १ | २ | ५.८८ | ६.६६ | ६.२५ |
| २ | १ | २ | ३ | – | १ | १ | – | १४.२४ | ६.६६ |
| ३ | – | – | – | – | – | – | – | – | - |
| ४ | – | – | – | – | – | – | – | – | - |
| ५ | २ | २ | ४ | – | २ | २ | – | ५० | २२.२२ |
| ६ | ३ | ५ | ८ | १ | १ | २ | २० | ३३.३३ | २५ |
| ७ | २ | १ | ३ | – | १ | १ | – | २५ | १२.५० |
| ८ | १ | ३ | ४ | – | १ | १ | – | ५० | १६.६६ |
| जम्मा | ११ | १६ | २७ | २ | ७ | ९ | ३.४४ | १४.९३ | |

स्रोत: विद्यालय अभिलेख, २०६८

माथि उल्लेखित तालिका ६.७ मा कक्षा १ देखि ८ कक्षा सम्ममा कक्षा दोहोऱ्याउने जम्मा तामाङ विद्यार्थी संख्या १४ पाइयो । कक्षा १ मा केटा १ जना वा ५.८८ प्रतिशत, केटी १ जना वा ६.६६ प्रतिशत यसै गरी कक्षा २ मा केटी १ जना वा १४.२४ प्रतिशत पाइयो कक्षा ५ मा केटी २ जना वा ५० प्रतिशत, कक्षा ६ मा केटा १ जना वा २० प्रतिशत, केटी १ जना वा ३३.३३ प्रतिशत, कक्षा ७ मा केटी १ जना वा २५ प्रतिशत र

कक्षा ८ मा केटी १ जना वा ५० प्रतिशत पाइयो । बालमैत्री शिक्षा प्रदान नगर्नु, नियमित उपस्थित नहुनु, घरमा कामको वोझले पढ्न नपाउनु आदि कारणले फेल भई कक्षा दोहोऱ्याउने गरेका छन् भनी यसै विद्यालयका प्र.अ.ले बताउनु भयो ।

### ५.२.९ जनता नि.मा.वि. रैतिमामा बीचमा कक्षा छोड्ने विद्यार्थीहरूको संख्या (Statistics of the Drop outs from Janata Lowere Secondary School)

**तालिका ५.१७**

**जनता नि.मा.वि. रैतिमाका विचमा कक्षा छाड्ने बालबालिकाहरूको विवरण, २०६८**

| कक्षा | कुल विद्यार्थी संख्या | | | तामाङ विद्यार्थी संख्या | | | तामाङ विद्यार्थीको प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | २ | १ | ३ | १ | - | १ | ५.८८ | – | ३.१२ |
| २ | - | २ | २ | - | २ | २ | – | २८.५७ | १३.३३ |
| ३ | १ | ३ | ४ | १ | १ | २ | १० | १२.५ | ११.११ |
| ४ | २ | ३ | ५ | १ | २ | ३ | २० | ५० | ३३.३३ |
| ५ | २ | २ | ४ | १ | १ | २ | २० | २५ | २२.२२ |
| ६ | १ | ३ | ४ | - | १ | १ | – | ३३.३३ | १२.५० |
| ७ | - | २ | २ | - | १ | १ | – | २५ | १२.५० |
| ८ | ३ | ३ | ६ | १ | १ | २ | २५ | ५० | ३३.३३ |
| जम्मा | ११ | १९ | ३० | ५ | ९ | १४ | ८.६२ | २९.७८ | |

स्रोतः विद्यालय अभिलेख फारम, २०६८

माथि तालिका ६.८ मा कक्षा १ देखि ८ सम्मका कुल विद्यार्थीमा जम्माा ३० जना रहेको पाइन्छ भने तामाङ जातिका विद्यार्थी कक्षा छाड्ने अवस्थालाई हेर्दा कक्षा १ मा केटा १ जना वा ५.८८ प्रतिशत, कक्षा २ मा केटी २ जना वा २८.५७ प्रतिशत, कक्षा ३ मा केटा १ जना वा १० प्रतिशत, केटी १ जना वा १२.५ प्रतिशत, कक्षा ४ मा केटा १ जना वा २० प्रतिशत, केटी २ जना वा ५० प्रतिशत, कक्षा ५ मा केटा १ जना वा २० प्रतिशत, केटी १ जना वा २५ प्रतिशत, कक्षा ६ मा केटी १ जना वा ३३.३३ प्रतिशत, कक्षा ७ मा केटी १ जना वा २५ प्रतिशत र कक्षा ८ मा केटा १ जना वा २५ प्रतिशत, केटी १ जना वा ५०

प्रतिशत पाइयो । यस्तो हुनुको मुख्य कारण आर्थिक विपन्नता र अभिभावकमा शैक्षिक चेतनाको कमी हुनु नै देखिन्छ ।

### ५.२.१०. उच्च मा. वि. छिन्द्रिङ खोला बर्रे वडा नं १ मा बालबालिकाहरूको कक्षागत भर्ना संख्या (Statistics of the Classwise Admission of the Students from Chhindring Khola Higher Secondary School, Barre, Ward 1)

**तालिका ५.१८**

**उच्च मा.वि. छिन्द्रिङ खोला बर्रेका बालबालिकाहरूको कक्षागत भर्ना विवरण, २०६७**

| कक्षा | कुल विद्यार्थी संख्या | | | तामाङ विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | २४ | २० | ४४ | ५ | ३ | ८ |
| २ | १० | २० | ३० | ३ | ४ | ७ |
| ३ | १६ | २० | ३६ | ४ | ५ | ९ |
| ४ | २१ | २६ | ४७ | ६ | ४ | १० |
| ५ | १९ | १३ | ३२ | ६ | २ | ८ |
| ६ | ३० | ३० | ६० | ७ | ८ | १५ |
| ७ | २८ | २५ | ५३ | ६ | ४ | १० |
| ८ | ३१ | २४ | ५५ | ५ | ३ | ८ |
| ९ | २४ | १९ | ४३ | ४ | ३ | ७ |
| १० | २६ | १६ | ४२ | ४ | ३ | ७ |
| जम्मा | २२९ | २१३ | ४५२ | ५० | ३९ | ८९ |

स्रोतः विद्यालय अभिलेख, २०६८

तालिका २५ अनुसार तामाङ जातिका बालबालिकाहरू कक्षा १ देखि १० सम्म नै भर्ना भएको देखिन्छ । यहाँ प्रा.वि. स्तरलाई मात्र विश्लेषण गर्दा कक्षागत रूपमा क्रमशः ८, ७, ९, १० र ८ जना भर्ना भएको देखिन्छ । जसमा छात्र २४ जना र छात्रा १८ जना छन् । छात्रको संख्या भन्दा छात्राको संख्या कम देखिन्छ भने यसको मतलब छोरीलाई पढाउन नचाहनु हो । यसका साथै नि.मा.वि. स्तरमा (कक्षा ६, ७, ८) तामाङ विद्यार्थी संख्या क्रमशः १५, १० र ८ जना भर्ना भएका देखिन्छ भने मा.वि. स्तरमा जम्मा क्रमशः ७ र ७ जना

छन् । प्रमाणपत्र तह देखि स्नातकोत्तर तहसम्म तामाङ जातिका बालबालिकाहरू समानुपातिक हैसियतले पनि ज्यादै न्यून छन् । यसको मतलब उच्च शिक्षामा पहुँच पाइदैन ।

**५.२.११ उच्च मा.वि. छिन्द्रिङ खोला बर्रेका बालबालिकाहरूको उत्तिर्ण संख्या (Pass Rates of the Students from Chhindring Khola Higher Secondary SChool, Barre)**

**तालिका ५.१९**

**उच्च मा.वि. छिन्द्रिङ खोला बर्रेका बालबालिकाहरूको कक्षागत उत्तिर्ण विवरण, २०६८**

| कक्षा | कुल विद्यार्थी संख्या | | | तामाङ विद्यार्थी संख्या | | | तामाङ विद्यार्थीको प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | २३ | १८ | ४१ | ४ | ३ | ७ | ८० | १०० | ७७.५० |
| २ | ७ | १६ | २३ | २ | २ | ४ | ६६.६६ | ५० | ५७.१४ |
| ३ | १५ | १९ | ३४ | ४ | ४ | ८ | १०० | ८० | ८८.९ |
| ४ | २० | २६ | ४६ | ५ | ४ | ९ | ६६.६६ | १०० | ९० |
| ५ | १७ | ८ | २५ | ४ | – | ४ | ६६.६६ | – | ५० |
| ६ | २३ | २४ | ४७ | ६ | ४ | १० | ८५.७१ | ५० | ६६.६६ |
| ७ | २५ | १८ | ४३ | ६ | २ | ८ | १०० | ५० | ८० |
| ८ | २५ | १७ | ४२ | ४ | २ | ६ | ८० | ६६.६६ | ७५.७१ |
| ९ | २० | १७ | ३७ | २ | २ | ४ | ५० | ६६.६६ | ५७.१४ |
| १० | २१ | ९ | ३० | २ | १ | ३ | ५० | ३३.३३ | ४२.८५ |
| जम्मा | २१५ | १८२ | ३९७ | ३७ | २८ | ६५ | ७४ | ७१.७९ | |

स्रोतः विद्यालय अभिलेख, २०६८

माथिको तालिका ६.१० अनुसार कक्षा १ मा उत्तिर्ण विद्यार्थी संख्या जम्मा ४१ जना रहेकोमा तामाङ विद्यार्थी संख्या ७ जना मात्र देखिन्छ । जसमध्ये तामाङ केटा ४ जना वा ८० प्रतिशत, केटी ३ जना वा १०० प्रतिशत विद्यार्थी छन् । त्यसैगरी २ कक्षामा ४ जना मध्ये केटा २ जना वा ६६.६६ प्रतिशत, केटी २ जना वा ५० प्रतिशत विद्यार्थी, ३ कक्षामा ८

जना मध्ये केटा ४ जना वा १०० प्रतिशत, केटी ४जना वा ८० प्रतिशत विद्यार्थी, ४ कक्षामा ९ जना मध्ये केटा ६ जना वा ६६.६६ प्रतिशत, केटी ४ जना वा १०० प्रतिशत विद्यार्थी, ५ कक्षामा ४ जना मध्ये केटा ४ जना वा ६६.६६ प्रतिशत, ६ कक्षामा १० जना मध्ये केटा ६ जना वा ८५.७१ प्रतिशत, केटी ४ जना वा ५० प्रतिशत विद्यार्थी, ७ कक्षामा ८ जना मध्ये केटा ६ जना वा १०० प्रतिशत, केटी २ जना वा ५० प्रतिशत विद्यार्थी र ८ कक्षामा ६ जना मध्ये केटा ४ जना वा ८० प्रतिशत केटी २ जना ६६.६६ प्रतिशत, ९ कक्षामा ४ जना मध्ये केटा २ जना वा ५० प्रतिशत, केटी २ जना वा ६६.६६ प्रतिशत विद्यार्थी र १० कक्षामा ३ जना मध्ये केटा २ जना वा ५० प्रतिशत केटी १ जना ३३.३३ प्रतिशत तामाङ जातिका विद्यार्थीहरू उत्तिर्ण रहेका छन् । यि तथ्याङ्कबाट यो स्पष्ट हुन्छ कि जति माथिल्लो कक्षामा गयो त्यति नै विद्यार्थी संख्या घट्दै गएकोले तामाङ जातिको बालबालिकाहरू उच्च शिक्षा हासिल गर्न नसकेको देखिन्छ । साथै आर्थिक विपन्नता, जनचेतनाको कमी, बालमैत्री शिक्षाको अभावले गर्दा तामाङ विद्यार्थीहरुको माथिल्लो कक्षामा उतिर्ण सङ्ख्या कम भएको यसै विद्यालयका प्र.अ.ले बताउनु भयो ।

**५.२.१२उच्च मा.वि. छिन्द्रिङ खोला बर्रेमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको संख्या (Statistics of the Repeaters from Chhindring Khola Higher Secondary School, Barre)**

**तालिका ५.२०**

**उच्च मा.वि. छिन्द्रिङ खोला बर्रेका कक्षा दोहोर्‍याउने विद्यार्थीहरूको कक्षागत विवरण, २०६८**

| कक्षा | कुल विद्यार्थी संख्या | | | तामाङ विद्यार्थी संख्या | | | तामाङ विद्यार्थीको प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | १ | २ | ३ | १ | – | १ | २० | – | १२.५० |
| २ | – | २ | २ | – | १ | १ | – | २५ | १४.२८ |
| ३ | – | – | – | – | – | – | – | – | – |
| ४ | १ | – | १ | १ | – | १ | १६.६६ | – | १० |
| ५ | १ | २ | ३ | १ | १ | २ | १६.६६ | ५० | २५ |
| ६ | ५ | ३ | ८ | – | २ | २ | – | २५ | १३.३३ |
| ७ | २ | ५ | ७ | – | २ | २ | – | ५० | २० |
| ८ | ४ | ४ | ८ | २ | २ | ४ | ४० | ६६.६६ | ५० |
| ९ | ४ | १ | ५ | २ | – | २ | ५० | – | २८.५७ |
| १० | ३ | ६ | ९ | १ | १ | २ | २५ | ३३.३३ | २८.५७ |
| जम्मा | २१ | २५ | ४६ | ८ | ९ | १७ | १६ | २३.०९ | |

स्रोतः विद्यालय अभिलेख, २०६८

माथि उल्लेखित तालिका ६.११ मा कक्षा १ देखि १० कक्षा सम्ममा कक्षा दोहोऱ्याउने जम्मा तामाङ विद्यार्थी संख्या १७ पाइयो । कक्षा १ मा केटा १ जना वा २० प्रतिशत, यसै गरी कक्षा २ मा केटी १ जना वा २५ प्रतिशत पाइयो कक्षा ४ मा केटा १ जना वा १६.६६ प्रतिशत, कक्षा ५ मा केटा १ जना वा १६.६६ प्रतिशत, केटी १ जना वा ५० प्रतिशत, कक्षा ६ मा केटी २ जना वा २५ प्रतिशत र कक्षा ७ मा केटी २ जना वा ५०

प्रतिशत पाइयो । कक्षा ८ मा केटा २ जना वा ४० प्रतिशत, केटी २ जना वा ६६.६६ प्रतिशत, कक्षा ९ मा केटा २ जना वा ५० प्रतिशत र कक्षा १० मा केटा १ जना वा २५ प्रतिशत केटी १ जना वा ३३.३३ प्रतिशत पाइयो । यस्तो स्थिति हुनुको कारण अभिभावकहरूमा शैक्षिक चेतनाको कमी, आर्थिक विपन्नता, विद्यालय वातावरण राम्रो नहुनु साथै शिक्षक, बुद्धिजीवि, राजनैतिक नेता एवं कार्यकर्ताहरू जनताप्रति जवाफदेहि नहुनु हो भनि यसै विद्यालयका प्र.अ. जनक बहादुर तामाङ बताउनु हुन्छ ।

**५.२.१३ उच्च मा.वि. छिन्द्रिङ खोला बर्रेमा बिचमा कक्षा छाड्ने विद्यार्थीहरूको संख्या (Statistics of the Dropouts from Chhindring Khola Higher Secondary School, Barre)**

**तालिका ५.२१**

**उच्च मा.वि. छिन्द्रिङ खोला बर्रेमा कक्षा छोड्ने विद्यार्थीहरूको विवरण, २०६८**

| कक्षा | कक्षा छाड्ने कुल विद्यार्थी संख्या | | | कक्षा छाड्ने तामाङ विद्यार्थी संख्या | | | कक्षा छाड्ने तामाङ विद्यार्थीको प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | - | - | - | - | - | | - | - | – |
| २ | ३ | २ | ५ | १ | १ | २ | ३३.३३ | २५ | २८.५७ |
| ३ | १ | १ | २ | - | १ | १ | - | २० | ११.११ |
| ४ | - | - | - | - | - | - | - | - | – |
| ५ | १ | ३ | ४ | १ | १ | २ | १६.६६ | ५० | २५ |
| ६ | २ | ३ | ५ | १ | २ | ३ | १४.२८ | २५ | २० |
| ७ | १ | २ | ३ | - | २ | २ | - | ५० | २० |
| ८ | २ | ३ | ५ | १ | १ | २ | २० | ३३.३३ | २५ |
| ९ | - | १ | १ | - | १ | १ | - | ३३.३३ | १४.१८ |
| १० | २ | १ | ३ | १ | - | १ | २५ | - | १४.१८ |
| जम्मा | १२ | १६ | २८ | ५ | ९ | १४ | १० | २३.०७ | |

स्रोतः विद्यालय अभिलेख फारम, २०६८

माथि तालिका ६.१२ मा कक्षा १ देखि १० सम्मका कुल विद्यार्थीमा जम्माा २८ जना रहेको पाइन्छ भने तामाङ जातिका विद्यार्थी कक्षा छाड्ने अवस्थालाई हेर्दा कक्षा २ मा केटा १ जना वा ३३.३३ प्रतिशत, केटी १ जना वा २५ प्रतिशत, कक्षा ३ मा केटी १ जना वा २० प्रतिशत, कक्षा ५ मा केटा १ जना वा १६.६६ प्रतिशत, केटी १ जना वा ५० प्रतिशत, कक्षा ६ मा केटा १ जना वा १४.२८ प्रतिशत, केटी २ जना वा २५ प्रतिशत, कक्षा ७ मा केटी २ जना वा ५० प्रतिशत, कक्षा ८ मा केटा १ जना वा २० प्रतिशत, केटी १ जना वा ३३.३३ प्रतिशत, कक्षा ९ मा केटी १ जना वा ३३.३३ प्रतिशत र कक्षा १० मा केटा १ जना वा २५ प्रतिशत पाइयो । यसरी कक्षा छाड्ने दरमा तामाङ जातिका बालबालिका नै धेरै छन् । यस्तो हुनुको मुख्य कारण आर्थिक विपन्नता र अभिभावकमा शैक्षिक चेतनाको कमी हुनु नै देखिन्छ ।

### ५.२.१४ विभिन्न आम्दानी भएका तामाङ घरपरिवार र उनीहरूका बालबालिकाको मा.वि. तह सम्मको शैक्षिक अवस्था

**तालिका ५.२२**

**तामाङ घरपरिवारको आर्थिक, शैक्षिक अवस्थाको सम्वन्धको विश्लेषण**

| क्र. सं. | आम्दानी रु. ( हजारमा) | स्कुल जाने उमेरका केटा केटीहरु | | स्कुल जाने गरेका केटा केटीहरु | | स्कुल जाने गरेका केटा केटीहरुको प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|
| | | केटा | केटी | केटा | केटी | केटा | केटी | जम्मा |
| १ | १५ हजार सम्म | २२ | २३ | १० | १० | ४५.४५ | ४३.४७ | ४४.४४ |
| २ | १५-३० सम्म | ४२ | ४६ | २९ | ३० | ६९.०४ | ६५.२१ | ६७.०५ |
| ३ | ३० देखि माथि | १५ | १६ | १३ | १३ | ८६.६६ | ८१.२५ | ८३.८७ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

तालिका ६.१३ मा तामाङ जातिको आम्दानीको स्तर बमोजिम शैक्षिक अवस्थाको वर्णन गर्दा १५ हजार सम्म आम्दानी भएका तामाङ जातिको स्कुल जाने उमेरका केटा केटीहरु जम्मा ४५ मध्ये स्कुल गएका केटाकेटीहरु २० वा ४४.४४ प्रतिशत, १५ हजार दखि ३० हजास सम्म आम्दानी हुने तामाङ जातिको स्कुल जाने केटाकेटीहरु ८८ जना मध्ये स्कुल जाने गरेका केटाकटीहरुको सङ्ख्या ५९ वा ६७.०४५ प्रतिशत र ३० हजार भन्दा माथिको आम्दानी हुने तामाङ जातिको स्कुल जाने उमेरको केटाकेटीहरुको ३१ मध्ये स्कुल

जाने गरेका केटाकेटीहरु जम्मा २६ वा ८३.८७ प्रतिशत भएको पाइयो । यस तथ्याङ्कबाट आम्दानीको स्तर बमोजीम आर्थिक आम्दानी बढि भएका घरपरिवारको केटाकेटीहरु बढि विद्यालय जाने र कम आम्दानी भएका घरपरिवारको केटाकेटीहरु कम विद्यालय जाने गरेको देखिन्छ । त्यसैले आर्थिक अवस्थाले शैक्षिक अवस्थामा असर पारेको देखिन्छ ।

सो आम्दानीलाई आधार मानी शैक्षिक अवस्थालाई विश्लेषण गर्ने प्रयास गरेकी छु ।

### ५.२.१५ शिक्षा प्राप्तिमा देखिएका समस्याहरू (Problems Faced in Achieving Education)

यस अध्ययन क्षेत्रका तामाङ जातिका बालबालिकाहरूले शिक्षा प्राप्तिमा विभिन्न समस्याहरू भोगिरहेका छन् । ती समस्याहरूले गर्दा गुणस्तर शिक्षा प्राप्तिमा असर पारेको देखिन्छ । यहाँ प्रा.वि, नि.मा.वि., एवं मा.वि तहसम्मका शिक्षा प्राप्ति गर्ने क्रममा आएको समस्या बारे घरपरिवार तथा नमुना छनौटमा परेका विद्यालयमा दुइ जना प्र.अ र दश जना विद्यार्थीहरुले दिएका बहुउत्तरको आधारमा तालिका ६.१४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२३**

**तामाङ जातिको शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू**

| क्र.सं. | समस्याहरू | बारम्बारता | प्रतिशत | जम्मा |
|---|---|---|---|---|
| १ | अभिभावकमा शैक्षिक चेतनाको कमी | ३५ | ५६.४५ | ६२ |
| २ | आर्थिक विपन्नता | ४० | ६४.५१ | ६२ |
| ३ | गाउँमा शैक्षिक वातावरणको कमी | ४१ | ६६.१२ | ६२ |
| ४ | स्थानिय शिक्षक शिक्षिकाको कमी | २५ | ४०.३२ | ६२ |
| ५ | घरको काममा सहयोग गर्नु पर्ने | ४५ | ७२.५८ | ६२ |
| ६ | पढाइमा ध्यान नदिनु | ४४ | ७०.९६ | ६२ |
| ७ | अभिभावकले समय दिन नसक्नु | ४१ | ६६.१२ | ६२ |
| ८ | शैक्षिक खर्चको अपुग | ४३ | ६९.३५ | ६२ |
| ९ | सम्बन्धित भाषा शिक्षकको कमी | ३६ | ५८.०६ | ६२ |
| १० | सुधारात्मक मूल्यांकनको निरन्तरतामा कमी | ३० | ४८.३८ | ६२ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

- **अभिभावकमा शैक्षिक चेतनाको कमी (Lack of Education Awareness Among Guardians)**

  शैक्षिक क्षेत्रमा तामाङ जातिहरु पछाडी पर्नुको प्रमुख कारण अभिभावकहरुमा शैक्षिक चेतनाको कमी हुन भन्ने विचार ५६.४५ प्रतिशतको रहेको पाइन्छ ।

- **आर्थिक विपन्नता (Poverty)**

तामाङ जातिका बालबालिकाहरू शिक्षाबाट बञ्चित छन् । आधारभुत शिक्षा प्राप्त गर्न पनि नसक्नुमा आर्थिक विपन्नता नै प्रमुख कारण हो । ६४.५१ प्रतिशतको भनाइ अनुसार आर्थिक विपन्न छन् ।

- **गाउँमा शैक्षिक वातावरणको कमी (Lack of Educational Environmental in the Village)**

यहाँ धेरै जसो तामाङजातिको बस्ती छ । अन्य जातिमा मगरको पनि उल्लेखनीय बाहुल्यता पाइन्छ भने क्षेत्री फाटफुट्ट मात्र छन् । तिनीहरू शिक्षा बारे त्यति जागरुक छैनन् किनकि अशिक्षित समुहको वाहुल्यता यहाँ छ । जम्मा घरपरिवार मध्ये ६६.१२ प्रतिशतले यस्तो समस्या भोगेको पाइयो ।

- **स्थानीय शिक्षक शिक्षिकाको कमी (Lack of Local Teachers)**

स्थानीय शिक्षक भए पनि अंग्रेजी, गणित, विज्ञान जस्तो अप्ठ्यारो विषयमा स्थानीय शिक्षक छैनन् । प्रा.वि. तहबाट नि.मा.वि. तहमा पुगेका विद्यार्थीहरूले गुणस्तरीय शिक्षाको अभावमा नि.मा.वि. तहको पाठ्क्रम गाह्रो हुँदा पढ्नमा ध्यान दिनुको सट्टा चिट चोर्ने प्रवृति बढि रहेको पाइन्छ । यस्तो स्थितिको निराकरण गर्न योग्य शिक्षक शिक्ष्किाको नियुक्ति र कडा नियमको कार्यान्यिन हुनु जरुरी छ भन्ने ४० प्रतिशतको भनाई पाइयो ।

- **घरको काममा सहयोग गर्नुपर्ने (Involvement in Domestic Chores)**

तामाङ जातिका बालबालिकाहरूले विहान र बेलुका घरका काममा सहयोग गर्नुपर्ने स्थिति छ । आमा बुबासँग खेतबारीमा आफ्नो काम गर्नुको साथै अरुकोमा पनि ज्याला मजदुरी गर्नुपर्ने देखिन्छ भन्ने भनाई ७२.८८ प्रतिशतको पाइयो ।

**पढाईमा ध्यान नदिनु (Lack of Concentration Towards Studits)**

तामाङ जातिका बालबालिकाहरूले खेतमा काम गर्नुपर्ने, गाई वस्तु चराउनु पर्ने, घाँस काट्नु पर्ने साथै साना साना भाइबहिनीलाई हेर्नु पर्ने भएकोले पढाइतिर ध्यान दिन असमर्थ छन् भन्ने भनाई ७०.९६ प्रतिशतको पाइयो ।

**अभिभावकले समय दिन नसक्नु (Lack of Guardian's time)**

धेरै अभिभवकहरु बिहान बेलुका हात मुख जोड्न कडा मिहिनेत गर्नुपर्ने भएको आफ्ना छोरा छोरीको पढाइ प्रति समय दिन नसकेको बताउँछन् भन्ने भनाई ७२.८८ प्रतिशतको पाइयो ।

**शैक्षिक खर्चमा अपुग (Inadequate Money for Education)**

प्राथमिक तह देखि मा.वि. तहसम्म किताब, कापी, कलम, पोषक, परीक्षा शूल्क, भर्ना शूल्क एवं खेलकुद शूल्क तिर्नु पर्ने भएकाले यहाँका बासिन्दाहरुमा शैक्षिक खर्च जुटाउने समस्या ठूलो रुपमा देखिन्छ भन्ने भनाई ६६.१२ प्रतिशतको पाइयो ।

**सम्बन्धित भाषा शिक्षकको कमी (Lack of Subject Teachers in the Mother Language):**

तामाङ जातिका बालबालिकाहरूलाई मातृभाषामा पढाई नहुनाले भाषा बुझाईमा कठिनाई भएको ५८.०६ प्रतिशतको भनाई पाइयो ।

**सुधारात्मक मुल्यांकनको निरन्तरताको कमी (Lack of Continuous Evaluation)**

विद्यालयले गृहकार्य दिई  हप्ता बिराई अनुगमन एवं मुल्यांकन गरी विद्यार्थीहरूको प्रगतिको अभिलेख राख्न नसकेको भनी गुनासो गर्ने ४८.३८ प्रतिशत छन् ।

### ५.२.१६ शैक्षिक समस्या समाधानका उपायहरू (Possible Solutions of Education Problems)

**तलिका ५.२४**

**शैक्षिक समस्या समाधानका उपायहरू**

| समस्या समाधानका उपायहरू | बारम्बारता | प्रतिशत | जम्मा |
|---|---|---|---|
| रोजगारको व्यवस्था हुनुपर्ने | ४५ | ७२.५८ | ६२ |
| चेतनामूलक साक्षरता कार्यक्रम संचालन गर्नुपर्ने | ३५ | ५६.४५ | ६२ |
| अनिवार्य निःशुल्क शिक्षाको व्यवस्था | ३३ | ५३.२२ | ६२ |
| स्थानीय तामाङ शिक्षक शिक्षिकाको नियुक्ति | २५ | ४०.३२ | ६२ |
| सम्पूर्ण खर्च सरकारले व्यहोर्नुपर्ने | ४८ | ७७.४१ | ६२ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

नोटः  नमुना छनौटमा परेका विद्यालयका दुई जना प्र.अ. र दश जना विद्यार्थी लाई पनि समावेश गरिएको छ ।

**रोजगारको व्यवस्था हुनुपर्ने ( Greating Employment Opportunity )**

आर्थिक स्थितिका कारण आफ्नो आय आर्जनबाट जीविका चलाउन गाह्रो हुने हुँदा उचित रोजगारको व्यवस्था गरिनुपर्ने  भन्ने ७२.५८ प्रतिशतको भनाई हो ।

**चेतनामूलक साक्षरता कार्यहरू संचालन गर्नुपर्ने (Conducting Awareness Works on Education and literacy)**

५० घर परिवार मध्ये ३५ घर परिवार वा ७० प्रतिशतका मानिसहरूले औपचारिक शिक्षा लिएका छैनन् । साधारण लेखपढ गर्न सक्ने बनाउन प्रौढहरूको फुर्सदको समयलाई ध्यानमा राखी उनीहरूको मिल्दोजुल्दो समय निर्धारण गरी सोही समयमा कार्य संचालन गर्नुपर्ने देखिन्छ । हालसम्म संचालन भएको साक्षर कार्यक्रम त्यति सफल र प्रभावकारी नभएको हुँदा पढ्न आउने प्रौढहरूलाई छोटो र दीर्घकालिन संचालनको व्यवस्था गरिनुपर्छ भनी बताउने ५६.४५ प्रतिशतको हुन ।

**अनिवार्य तथा गुणस्तीय शिक्षाको व्यवस्था (Managing compulsory and Quality Education)**

तामाङ घरपरिवारलाई अनिवार्य शिक्षाको व्यवस्था हुनुपर्दछ भन्ने विचार ५३.२२ प्रतिशतको रहेको पाइयो ।

**स्थानीय तामाङ शिक्षक शिक्षिका नियुक्ति (Appointing Local Tamang Teachers)**

विद्यालयमा स्थानीय तामाङ जातिका शिक्षकको व्यवस्था गरिदा रोजगारीको सम्बोधन त हुन्छ नै र यसमा आफ्नो मातृभाषा बाट पाठ्यक्रम सामाग्री बुझ्ने अवसर पनि मिल्दछ । यसले गर्दा सहजै विद्यालयको सम्पूर्ण वातावरणमा विद्यार्थीहरु सहभागी हुन सक्छन् । यस्तो माग ४०.३२ प्रतिशत ले गरेको पाइयो ।

**सम्पूर्ण खर्च सरकारले व्यहोर्नु पर्ने (Total Assistance from the Government)**

तामाङ समुदायका आर्थिक स्थिति दयनीय भएकोले खर्च पूर्ण रूपमा सरकारले व्यहोरे मात्र छोराछारी नियमित रूपमा विद्यालय पठाउन सकिने देखिन्छ । यसो भएमा तामाङ वालवालिकाहरुले पनि अरु सो सरह गुणस्तरीय शिक्ष प्राप्त गर्न सक्छन् । यो भनाई ७७.४१ प्रतिशतको माग हो

# अध्याय छ

## सारांश, निष्कर्ष तथा सुझावहरु (Summary, Conclusion and Suggestion

यस अध्यायमा तामाङ जातिहरुको आर्थिक र शैक्षिक स्थितिको तुलनात्मक अध्ययन वर्रे गा.वि.स. उदयपुर शीर्षकको यस शोधपत्रको सारांश, निष्कर्श र सुझाव प्रस्तुत गरिएको छ ।

### ६.१ सारांश (Summary)

नेपालमा पूर्व मेची देखि पश्चिम महाकालीसम्म विभिन्न जातजातिहरु छरिएर वसोवास गरेको पाईन्छ । यिनीहरु मध्ये तामाङ्ग जाति पनि एक जति हो र यी जातिको पनि अरु जाति झै आफ्नै मूल्य मान्यता सनातन धर्म रहेको छ । नेपालमा तामाङहरुको कुल जनसंख्या (जागणना २०५८) १२,८२,३०४ (६.३) रहेको छ, जस मध्ये ६१ प्रतिशत गरिवीको रेखामुनी हरेको पाइन्छ भने शिक्षित तामाङहरुको जनसंख्या ३४ प्रतिशत मात्र पाइन्छ । यसो हुनाका पछाडीको प्रमुख कारण उनीहरुको दुर्बल आर्थिक स्थिति रहेको पाइन्छ । यसै सन्दर्भमा पेशागत दृष्ट्रिकोणले हेर्दा पनि राज्यका विभिन्न विशिष्ट पदहरुमा तामाङ्ग जातिको उपस्थिति अत्यन्त न्यून देखिन्छ ।

तामाङ्ग जातिको मुख्य वसोवास क्षेत्रको वारे अध्यायन गर्ने क्रममा यस अध्ययनसँग सम्वन्धित विभिन्न प्रकासित अप्रकाशित पूर्व साहित्यहरुको समीक्षा गरिएको छ । जसमा तामाङ्ग जातिको मूख्य वसोवास उत्तरखण्डको जडड्यान प्रदेशमा रहेको उल्लेख गरिएको पाइयो । साथै यिनीहरुको आर्थिक स्थिति कमजोर अवस्था र मूख्य पेशा कृषी पशुपालन र सिलाइ वुनाइ सम्वन्धित रहेको पाइयो ।

तामाङ्ग जातिको आर्थिक अवस्थाले शैक्षिक अबस्थामा पारेको प्रभाव अध्ययन गर्ने क्रममा उदयपुर जिल्लाको वर्रे गा.बि.स.को शोध पत्र तयार पार्ने सिलसिलामा त्यहांका २२७ तामाङ घरपरिवार मध्ये जम्मा ५० घर परिवारलाई उद्देश्यमूलक एवम सामान्य सम्भावना यूक्त नमूना छनौट विधिद्धारा छनौट गरी प्राथमीक तथ्याङ्कहरु संकलन गरीएको थियो भने सम्बन्धीत क्षेत्रका सरकारी तथा गैर सरकारी संघ संस्थाहरुबाट सहायक तथ्याङ्क संकलन गरियो ।

अध्ययन क्षेत्र सम्वन्धीत तामाङ्ग जातिको आर्थिक अवस्था पत्ता लगाउने क्रममा विभिन्न आर्थिक सुचकाङहरु जस्तै तामाङ्ग जातिको पेशा, जमिनको परिमाण, खाद्य प्रयाप्तता पशुपालन ज्याला मजदुरी, बैक ऋण, बार्षिक आय ब्ययको स्थिति र घरको प्रकार आदिलाई आधार मानि तथ्याङ्कहरु संकलन गरी बिश्लेषण गरीएको छ । जसमा तामाङ्ग जातिको पेशा अन्तर्गत कृषि क्षेत्रमा १०० प्रतिशत, चोयाको सामग्री बनाउनेमा १६ प्रतिशत, नोकरीमा १४ प्रतिशत, स-साना उद्योगमा ४ प्रतिशत, ब्यापारमा ४ प्रतिशत, वैदेशिक रोजगारसंग सम्बन्धित ४ प्रतिशत रहेको पाईन्छ । त्यसैगरी भु-स्वामित्वको परिमाणलाई हेर्दा १० रोपनि सम्म जमिन भएको २० प्रतिशत, १० देखि २० रोपनि जमिन भएको ६.३२ प्रतिशत, २० देखि ३० रोपनि सम्म जमिन भएको २८ प्रतिशत र ३० रोपनि भन्दा माथि जमिन भएको पाइन्छ । त्यसै गरी खाद्यन्न पर्याप्ततामा ६ महिना सम्म खान पुग्ने ४४ प्रतिशत, ६ देखि १० महिना सम्म ३६ प्रतिशत, १० देखि ११ महिना सम्म २० प्रतिशत र १२ महिना सम्म खानपुग्ने २० प्रतिशत रहेको देखिन्छ । पशुपालनमा कुखुरा १०० प्रतिशतले पालेका रहेछन भने खसि ९२ प्रतिशत, परेवा ६ प्रतिशत, भैसीरागाँ ४० प्रतिशत, गाई गोरु सुंगुर १८ प्रतिशत रहेको पाइन्छ साथै ज्याला मजदुरी गर्ने तामाङ जाति ७६ प्रतिशत रहेको देखिन्छ । बैंक ऋण नमुना छनौटमा परेका ५० घरमध्ये ४० घरले वा ८० प्रतिशत लिएको पाइन्छ । जसमा बैंकबाट ६ प्रतिशतले भने साहु महाजनबाट ७४ प्रतिशत । बार्षिक आयव्ययको स्थिति लाई हेर्दा २६ प्रतिशतको १५ हजार भन्दा कम आय , १५ देखि ३० हजार सम्मका ५४ प्रतिशत आय छ भने ३० हजार भन्दा माथिको २० प्रतिशत रहेको पाइन्छ । घरको छानाको प्रकारमा सबै तामाङहरुको खर वा परालको छाना भएको पाइयो ।

अध्ययन क्षेत्रका तामाङ जातिहरुको साक्षरता प्रतिशतमा पुरुष ७१ व ८१ र  महिला ४४ वा ८८ प्रतिशत पाइयो भने निरक्षरमा पुरुष २८.८१ र महिला ५५.११ प्रतिशत पाइयो । यसै गरी यसै अध्ययन क्षेत्रमा पर्ने तीन वटा वडाहरुको शैक्षिक स्थितिको विश्लेषण क्रममा वडा नं. १ को हकमा १७ घरपरिवारका घरमूली ५ जना साक्षर, १२ जना निरक्षर पाइयो साथै यसै घरका जम्मा ६८ जना केटा केटीमा स्कुल जाने उमेर भएका ५४ जना केटाकटी मध्ये स्कुल जाने गरेका ४१ जना मात्र पाइयो । त्यसै गरी वडा नं. ५ को हकमा १७ घरपरिवारको घरमूली ३ जना साक्षर १४ जना निरक्षर देखियो भने जम्मा ७४ जना केटाकटीमा स्कुल जाने उमेर भएका ५७ स्कुल जाने गरेका तामाङ केटाकेटीहरु पाइयो । त्यस्तै वडा नं. ७ मा १६ घरपरिवारका घरमूलीमा २ जना साक्षर, १४ जना निरक्षर जम्मा

७२ जना केटाकटी रहेको पाइयो भने स्कुल जाने उमेर भएका केटाकेटी जम्मा ५३ जनामा स्कुल जाने गरेका ३२ जना मात्र पाइयो ।

अध्ययन क्षेत्रका २ वटा विद्यालयमा पहिलो नि.मा.वि रैतिमाका कक्षागत भर्ना विवरणलाई हेर्दा जम्मा १०५ जना तामाङ विद्यार्थी पाइयो भने उतिर्णमा ८२ जना त्यस्तै दोहोऱ्याउनेमा ९ जना र कक्षा छाड्नेमा १४ जना तामाङ विद्यार्थी पाइयो । मा.वि छिन्द्रिङ खोला बर्रेका कक्षागत भर्ना विवरणमा जम्मा तामाङ विद्यार्थी ८९ जना पाइयो भने उतिर्णमा जम्मा ६५ जना, कक्षा दोहोऱ्याउने १६ जना र कक्षा छाड्ने मा १४ जना पाइयो ।

अध्ययन क्षेत्रका तामाङ घरपरिवारको आर्थिक, शैक्षिक अवस्थाको सम्बन्धलाई विश्लेषण गर्दा १५ हजार सम्म बार्षिक आम्दानी हुने १३ घरपरिवारका जम्मा स्कुल जाने उमेर भएका ४५ जना केटाकेटीमा स्कुल जाने गरेका २० जना वा ४४.४४ प्रतिशत देखिन्छ भने १५ हजार देखि ३० हजार सम्म बार्षिक आम्दानी भएका २७ घरपरिवारका स्कुल जाने उमेर भएका ८८ जना केटाकटीमा स्कुल जाने गरेका ६९ जना ६७.०५ प्रतिशत देखिन्छ । त्यसै गरी ३० हजार देखि माथि आम्दानी भएका १० घरपरिवारका स्कुल जाने उमेर भएका ३१ जना केटाकटीहरु मध्ये स्कुलजाने गरेका २६ जना वा ८३.८७ प्रतिशत देखिन्छ ।

यसरी संक्षेपमा भन्नु पर्दा आर्थिक अवस्थाको प्रभाव तामाङ जातिको शैक्षिक अवस्थाको निर्धारण गर्नमा प्रत्यक्ष भूमिका खेलेको कुरा यस शोध अध्ययनबाट निचोड निकाल्न सकिन्छ । जबसम्म आर्थिक सामाजिक अवस्थाले सवल रुप लिदैन तब सम्म समग्र शैक्षिक अवस्थामा पनि ठोस परिवर्तन र उल्लेखनिय प्रगति आउन सक्ने पाइदैन् ।

## ६.२ निष्कर्ष (Conclusion)

**यस अध्ययनमा निष्कर्षहरु निम्न अनुसार रहेका छन :**

- तामाङ जातिको मुख्य थलो पूर्वमा सुनकोसी र लिखु खोलाको ईलाका, दक्षिणमा महाभारतको पर्वतसम्म, पशि्चममा बुढी गण्डकी र त्रिसुली नदी बीचको गणेश हिमालको दक्षिणी भागका साथै तराईका केहि भागहरूमा रहेको पाईन्छ ।
- यस अध्ययनमा उदयपुर जिल्ला बर्रे गा.वि.स वडा नं. १, ५, ७ का तामाङहरूको आर्थिक पक्षहरू र ती पक्षहरूले शैक्षिक अवस्थामा पुऱ्याएका असरहरूका बारे अनुसन्धान गरिएको छ ।

- अध्ययन क्षेत्रका तामाङहरु पूर्ण रुपमा कृषिमा लागेको भएता पनि बहुसङख्यक तामाङहरु ज्याला मजदुरी आदिमा वढी आश्रित पाईयो जसले आर्थिक अवस्था मजवुत नभएको र राष्ट्रिय मापदण्डको अनुसार कृषिमा ७६ प्रतिशतमा आधारीत छ भने यहाँका तामाङ जाति चाही १०० प्रतिशत कृषिमा निर्भर पाइयो ।
- अध्ययन क्षेत्रका तामाङ जातिका सबैको जग्गा भएको पाइयो तर ३० रोपनी भन्दा माथि जग्गाको स्वमित्व रहेको दश घरपरिवारलाई मात्र बर्षभरि खान पुग्ने भएकोले अरु बाँकी अन्य चालिस घरपरिवाले भने ४, ५ महिनासम्म खान पुग्ने अवस्थाले गर्दा बाँकीका दिनहरुको लागि अरुको जग्गा कमाउने, पशुबटिया, ज्याला मजदुरी, बाँसको चोयाबाट बन्ने सामग्री बनाएर जिविका चलाएको पाइयो ।
- अध्ययन क्षेत्रका सबै तामाङ जातिले व्यवसायिक रुपमा पशुपालन नगरेर आवश्यक टार्न मात्र पशुपालन गरेको पाइयो । जसले गर्दा आर्थिक अवस्था बढाउन नभई धान्न मात्र खोजेको पाइन्छ ।
- अध्ययन क्षेत्रका तामाङहरुका मुख्य गरी ज्याला मजदुरी गर्ने गाँउघर वरिपरी भएको पाइयो । जसले गर्दा उनीहरुको ज्यालाबाट प्राप्त आम्दानी निर्वाहमुखी मात्र पाइयो ।
- अध्ययन क्षेत्रका तामाङहरुले ६ प्रतिशतले मात्र बैङ्कबाट ऋण लिएको र अरु बाँकीले ७४ प्रतिशत साहुमहाजन सँग ऋण लिएको पाइयो जुन तेस्रो नेपाल जीवनस्तर सर्वेक्षण २०६६/६७ को आधारमा तुलना गर्दा ५९ प्रतिशतले ऋण लिएको पाइयो जहाँ व्याज बैङ्कको तुलनामा दोब्बर पाइयो ।
- अध्ययन क्षेत्रमा प्रति परिवार आम्दानी नै ३० हजार भन्दा माथी हुने परिवार २० प्रतिशत रहेकाले त्यहाँको तामाङका प्रति व्यक्ति आय राष्ट्रिय प्रति व्यक्ति आम्दानीको तुलनामा ज्यादै कम रहेको पाइयो ।
- अध्ययन क्षेत्रका प्रत्येक परिवारले आय सबै खर्च गरेको पाइयो जसले गर्दा बचत शुन्य देखिन्छ । जुन उनीहरुको कमजोर आर्थिक अवस्थाको पहिचान हो ।
- तामाङ जातिको घरका प्रकार खर वा परालको मात्र देखिन्छ ।
- अध्ययन क्षेत्रका तामाङहरुको साक्षरताको संख्या पुरुषको बढि देखिन्छ भने महिलाको पनि साक्षरताको संख्या भन्दा निरक्षरताको धेरै देखिन्छ ।

- अध्ययन क्षेत्रका तामाङ जातिहरुको कमजोर आर्थिक अवस्था हुनाले प्रा.वि. उमेरका र सो भन्दा माथिका उमेरका बालबालिकाहरू विद्यालय शिक्षाबाट बन्चित भएको पाइयो ।
- अध्ययन क्षेत्रका सवै स्कुल जाने उमेरका केटाकेटीहरु स्कुल नजानुमा अभिभावकको शिक्षा र आर्थिक अवस्था प्रमुख कारण रहेको पाइयो ।
- अध्ययन क्षेत्रका तामाङहरुका प्रमाणपत्र तह देखि स्नातकोत्तर तहसम्म तामाङ जातिका बालबालिकाहरू समानुपातिक हैसियतले पनि ज्यादै न्यून छन् । यसको मतलब उच्च शिक्षामा पहुँच पाइदैन ।
- यसरी कक्षा छाड्ने दरमा तामाङ जातिका बालबालिका नै धेरै छन् । यस्तो हुनुको मुख्य कारण आर्थिक विपन्नता र अभिभावकमा शैक्षिक चेतनाको कमी हुनु नै देखिन्छ ।
- अध्ययन क्षेत्रमा प्रा.वि तह भन्दा नि.मा.वि. तहमा आएर तामाङ विद्यार्थी संख्या धेरै कम देखिन्छ । यसको कारण जनचेतनाको अभाव, न्यून आर्थिक स्थिति र बालमैत्रि शिक्षा प्रदान नगरीनु हो । आर्थिक विपन्नता, जनचेतनाको कमी, बालमैत्री शिक्षा को अभावले गर्दा तामाङ विद्यार्थीहरुको माथिल्लो कक्षामा उतिर्ण सङ्ख्या कम भएको पाइयो ।
- बाल मैत्री शिक्षा प्रदान नगर्नु, नियमित उपस्थित नहुनु, घरमा कामको वोझले पढ्न नपाउनु आदि कारणले फेल भई कक्षा दोहोऱ्याउने गरेका पाइयो ।
- कक्षा छाड्ने दरमा तामाङ जातिका बालबालिकाने धेरै छन । यस्तो हुनको कारण आर्थिक विपन्नता र अभिभावकका शैक्षिक चेतनाको कमी हुनु नै देखिन्छ ।

## ६.३ सुझावहरू (Suggestions)

- अध्ययन क्षेत्रको १०० प्रतिशत तामाङ समुदाय कृषिमा निर्भर छन् । उत्पादनशील खेती प्रणाली संचालन गर्न उन्नत बीउ बिजन र कृषि सामग्रीको निःशुल्क उपलब्ध गराउनु पर्ने साथै उन्नत तरीकाले खेती गर्न योग्य प्राविधिकहरूबाट समय समयमा अनुगमनको व्यवस्था गरी कृषकहरूलाई उचित र आवश्यक महत्वपूर्ण सल्लाह सुझावहरू व्यवस्था गराउनुपर्ने देखिन्छ ।

- खेतीबाट उत्पादन भएका वस्तुको उचित मूल्य पाउनको लागि सर्वसुलभ बजारको व्यवस्था गर्नुपर्ने हुन्छ तर यस अध्ययन क्षेत्रबाट बजार टाढा भएकोले यातायातको सुविधाको व्यवस्था हुन जरुरी छ ।
- भूमिहीन (सुकुम्बासी) तामाङ घरपरिवारलाई भूमिको व्यवस्था सरकारले गर्नुपर्ने हुन्छ ।
- तामाङहरूको आयस्तर उकास्न आय आर्जन कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ । आयआर्जनमा बाखापालन, गाईपालन, भैसीपालन, मौरीपालन, बंगुरपालन, कुखुरापालन आदि हावापानी सुहाउँदो देखिन्छ । बाटोको सुविधा भएमा तरकारी खेती कार्यक्रम राम्रो चल्ने थियो ।
- तामाङ समुदायलाई आत्मनिर्भर गराउनका लागि निम्नलिखित सिपमूलक तालिमहरू संचालन गर्नुपर्ने हुन्छ :

  क) बाँसबाट बन्ने विभिन्न सामानहरू बनाउन सिकाउने

  ख) सिलाई बुनाईको सिप सिकाउने
- तामाङहरूमा विहान बेलुकी नै मदिरा पिउने चलन र संस्कार पाइन्छ जसका कारण जीवनस्तर नउठ्ने समस्या त छदैंछ, यसका अलावा आफ्ना छोराछोरीको पठनपाठनमा समेत ध्यान नपुग्ने स्थिति व्याप्त रहेको देखिन्छ । यस समस्यालाई सम्बोधन गर्नका लागि चेतनाको स्तर उठाउन चेतनामुलक कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।
- जिल्लाको तथ्याङ्क हेर्दा साक्षरता कार्यक्रम अन्तर्गत प्रौढशिक्षा तथा शिक्षा सदन चलाइएको पाइएता पनि सो कार्यक्रमहरूको अपेक्षिकृत लाभ भने यहाँका तामाङहरूमा देखिदैन । यसो हुनका पछाडि यस्ता कार्यक्रममा आवश्यक निरन्तरता, फलो अप र उचित अनुगमन तथा मूल्यांकनको अभाव नै देखिन्छ । भविष्यमा यस्ता कार्यक्रम संचालन गर्दा तामाङ जातिलाई अधिकतम लाभान्वित गराउन यथेष्ट तयारी र गृहकार्य गर्न जरुरी देखिन्छ ।
- तामाङ जातिका बालबालिकाहरू नै धेरैजसो कक्षा छोड्ने, फेल हुने र कक्षा दोहोऱ्याउने गरेको देखिन्छ । चेतनामूलक कार्यक्रमले मात्र पूर्ण रूपमा काम नगर्ने भएकोले अनिवार्य प्राथमिक शिक्षाको व्यवस्था गर्नुपर्ने हुन्छ । अनिवार्य शिक्षा

अभियानलाई आत्मसात गर्न अभिभावकहरूको लागि ५००० देखि १००००० सम्मको रकम प्रोत्साहन स्वरूप प्रदान गर्नुपर्ने हुन्छ । गुणस्तरीय शिक्षा प्रदान गर्न बालबालिकाहरूलाई विद्यालयमा नियमित हाजिर हुनु पर्ने, दिएको गृहकार्य पूरा गर्नुपर्ने, घरमा बिहान र बेलुका गरी करीब ६ घण्टा सम्म पढ्नुपर्ने र पढे मात्र ठूलो भइन्छ भन्ने भावना जागृत गराउनु पर्ने हुन्छ । मदिरा नगरी आफ्ना बालबालिकाहरूलाई पढ्न प्रेरित गर्ने अभिभावकलाई पुरस्कारको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

- तामाङ समुदायका बालबालिकाहरूलाई विद्यालय जाऊँ जाऊँ लाग्ने खालको वातावरणको सृजना विद्यालयले गर्नुपर्ने देखिन्छ ।
- नेपाली भाषा नआई आफ्नो तामाङ भाषा मात्र आउने बालबालिकाहरू पनि छन् । त्यसकारण तिनीहरूलाई भाषाको कठिनाईबाट मुक्त गर्न स्थानीय तामाङ भाषामा निपूर्ण व्यक्तिलाई शिक्षकमा नियुक्ति गर्नुपर्ने देखिन्छ ।
- बिना धितो ऋण प्रदान गर्नुपर्ने । जुन उद्देश्यले ऋण लगेको त्यो उद्देश्य पूर्ण रूपले पूरा गरी जीवन निर्वाह गरेको छ भने त्यस्ता किसिमको ऋणीलाई ऋण मिनाहा गर्न सकिने व्यवस्था पनि लागू गर्नुपर्ने देखिन्छ ।
- यस अध्ययन क्षेत्रको तामाङ जातिहरू गरीब भएकोले उनीहरूको बालबालिकाहरूको लागि विद्यालय वातावरणमा समाहित हुन निःशुल्क पोशाक, किताब, कलम र कपीको व्यवस्था गर्नुपर्ने देखिन्छ । अरुले खाजा खाँदा हेरी रहनुपर्ने हुँदा खाजाको व्यवस्था निशुल्क गर्नुपर्ने ।
- विद्यार्थी भर्नाको समय भन्दा पहिलो विद्यालयले घरदैलो कार्यक्रम गर्नुपर्ने । सो कार्यक्रममा नपढ्दा हुने हानी र पढ्दा हुने फाइदाबारे राम्ररी जानकारी गराउनको साथै रक्सी र जाडबाट हुने क्षतिका बारे जोडका साथ सम्झाउने बुझाउनु पर्ने । जाड रक्सी निषेध क्षेत्र घोषणा गरी कार्यन्वयन गर्ने समुदायलाई पुरस्कारको व्यवस्था विद्यालयले मात्र नभई गा.वि.स. बाट गराउनु पर्ने हुन्छ ।
- आर्थिक स्थिति ज्यादै नाजुक भएकोले घर व्यवहार धान्न ज्यादै गाह्रो परेको भान हुन्छ । स्वदेशमा रोजगारको व्यवस्था तुरुन्त गर्न नसके विदेशमा रोजगारको लागि कमाएपछि तिर्नेगरी सरकारले ऋण उपलब्ध गराउनु पर्ने हुन्छ ।

- यस समुदायमा व्यक्तिले आफ्नो निजी स्तरबाट उच्च शिक्षासम्म हासिल गर्न आर्थिक हिसाबले अपठ्यारो पर्ने देखिन्छ । त्यसकारण उच्च शिक्षा ग्रहण गर्न निःशुल्क शिक्षाको व्यवस्था मात्र नभएर खान बस्न पनि निशुल्क व्यवस्था सरकारबाट हुनुपर्ने देखिन्छ ।
- जनजातिमा पनि तामाङ घ श्रेणीमा भएकोले हरेक क्षेत्रमा समानुपातिक हैसियतले स्थान पाउने गरी कोटा आरक्षण गर्नु अति आवश्यक देखिन्छ ।
- आम्दानी बढाउन पशुपालन व्यवसायीक रुपमा गरेर आय आर्जन बढाउन सकिन्छ ।

यसरी आर्थिक रूपमा विपन्न तामाङ जातिलाई शैक्षिक रूपमा सुदृण र सबल बनाउन राज्यले उनीहरूलाई नै लक्षित कार्यक्रमहरू ल्याउनु पर्ने देखिन्छ । जस्तै, शैक्षिक चेतना फैलाउने कार्यक्रम, आर्थिक उत्थानका लागि सहज तथा सस्तोमा ऋण उपलब्ध गराउने कार्यक्रम, निःशुल्क शिक्षाको व्यवस्था तथा राज्यका मुख्य ठाउँहरूमा आरक्षणयुक्त प्रतिस्पर्धा आदिको उचित व्यवस्था हुनुपर्ने देखिन्छ ।

# सन्दर्भ सामग्री (References and bibliography)


केन्द्रीय तथ्याङ्क विभाग (२०५८), *२०५८ जनगणना राष्ट्रिय प्रतिवेदन,* काठमाडौ : केन्द्रीय तथ्याङ्क विभाग ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६८), *नेपाल जीवन स्तर सर्वेक्षण तेस्रो २०६६/६७ मा आधारीत संक्षिप्त प्रतिवेदन,* काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग ।

खतिवडा, मुररी कुमार (२०६४), *दलित समुदायको सामजिक आर्थिक अवस्था र यसले शिक्षामा पारेको प्रभाव, त्रि युगाा न.पा., उदयपुर एक अध्ययन,* अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग शिक्षा शास्त्र केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

गुरुङ, हर्क (१९९१), *छापामा जनजाति,* काठमाण्डौ : एकता बुक्स पब्लिसर्स ।

ग्रेनग्याम, बर्ष २०६०, अङ्क १, असार ६, काठमाडौ, ने.ता.घे. भाषा साहित्य तथा कला विभाग ।

घिसिङ, भीमलाल (२०६५), *तामाङ जाति एक परिचय,* काठमाडौ : सोलुको नयाँ फूल ।

जिम्बा, श्री डी.टी.(२०५९), *तामाङको इतिहास अनि ताम्बाको चाङवाङ,* दार्जीलिङ : एम.टी. जीम्बा कुसुम प्रकाशन ।

झा, महाकान्त (२०५०), *उदयपुर जिल्लाको परिचय,* शैक्षिक अभ्युदय, उदयपुर : जि.शि. का ।

तामाङ, अजितमान (वि.सं. २०५१), *ताम्सालिङ भूगोलको ऐतिहासिक रुपरेखा -१,* छार गोङमा स्मारिका, काठमाडौं : तामाङ घेदुङ संघ ।

तामाङ, अजितमान (२०६५), *तामाङको इतिहास,* काठमाडौ : नेपाल तामाङ घेदुङ ।

तामाङ, अजितमान (२०६८), *तामाङ शब्दको अर्थ बारे खोज चर्चा पाँचौं राष्ट्रिय तामाङ सम्मेलन समाचार बुलेटिन* ।

तामाङ, बृष बहादुर (२०६७), *बर्रे गा.वि.स. एक परिचय,* उदयपुर ।

तामाङ, पर्शुराम (२०५१): *तामाङ जाति,* काठमाडौं : ने. रा. प्र. प्रतिष्ठान ।

तामाङ, सन्तविर, (२०६३) *ताम्बा काइतेन ह्वाइ रिमठिम,* सिक्कीम : ह्योञ्जन पब्लिकेशन ।

तामाङ, सीताराम (२०४०), *तामाङ सस्कांर संस्कृति,* काठमाडौं भाषा संस्कृति विकास समिति बुलेटिन -१, काठमाडौ : रत्नपुस्तक भण्डार ।

तामाङ, सीताराम (२०४८), *तामाङको इतिहास,* काठमाडौ : निरन्तर प्रकाशन ।

थापा, भगवती (२०६६), *बोटे जातिको आर्थिक अवस्था बालबालिकाको प्राथमिक शिक्षामा प्रवाहदर एक अध्ययन,* अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग शिक्षा शास्त्र केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

नेगी, तिलिक बहादुर (२०४०), *तामाङ जातिको उत्पत्ति बारे,* काठमाडौ : साझा प्रकाशन ।

नेपाल तामाङ घेदुङ संघ (२०६७), *२८४७ फाओ-मो खारा ल्होछार २०६७,* काठमाडौ : नेपाल तामाङ घेदुङ संघ ।

बर्रे गा.वि.सको अभिलेख (२०६७), *अभिलेख बर्रे गा.वि.स,* उदयपुर ।

वार्षिक प्रगति विवरण (२०६६), *युनिसेफ, डकाव कार्यक्रमको सहयोगमा सम्पन्न सन् २००९ को वार्षिक कार्यक्रमको एक झलक,* जि.शि.का, उदयपुर ।

मोरिसको मेजर सी. जे. (१९४७), *"द गोरखा सोल्जर"*, एकता बुक पब्लिकस् काठमाडौं ।

विष्ट, महाकान्त (२०३३), *तामाङ जाति,* कमलादि काठमाडौं : नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, जनकलाल (२०४९), *हाम्रो समाज एक अध्ययन,* काठमाडौं : साझा प्रकाशन ।

श्रेष्ठ, मनोजकुमार (२०६३), *तामाङ जातिको सामाजिक आर्थिक अवस्था र यसले प्राथमिक शिक्षामा पारेका प्रभाव एक अध्ययन, काठमाडौं,* अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग शिक्षा शास्त्र केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

काफ्ले, हिमादी कुमार (२०६१), *घिमाल जातिको सामाजिक, आर्थिक अवस्था तथा यसको प्राथमिक तहको शिक्षामा प्रभाव एक अध्ययन बेलवारी गा.वि.स. मोरङ,* अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग शिक्षा शास्त्र केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

*चाइल्ड स्पेश फाउन्डेशन नेपाल* -वि.सं. २०६०): http://www.childspacefoundation.org

लामा, मुकेश (२०५९), http://www.tamangs.com

Katuwal, K., Rana Magar I., Rayamajhi K. (2067), Educational Management Information System 2067, Child Development Society, Kathmandu.

# परिशिष्ट एक (Appendix 1)

**बर्रे गा.वि.स. का तामाङ जातिहरूको आर्थिक अवस्थाले शैक्षिक अवस्थामा पारेको प्रभाव एक अध्ययन (बर्रे गा.वि.स., उदयपुर जिल्ला)**

१. व्यक्तिगत विवरण (अभिभावकका लागि)

नामः  लिंगः  वडा नं.:

पेशाः  भाषाः

धर्मः  जाति/थरः

नागरिकताः  शिक्षाः

२. पारिवारिक संरचना

**घरायसी सदस्य संख्याः उमेर, शिक्षा, व्यवसाय सम्बन्धी विवरण ।**

| क.स | शिक्षा | | उमेर | | पेशा | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |

**३. आर्थिक अवस्था**

३.१ घरपरिवार चलाउने मुख्य आयस्रोत के होला?

क. कृषि  ख. व्यापार व्यवसाय

ग. नोकरी  घ. मजदूरी  ङ. अन्य भए

३.२ घर वा घर खण्ड स्वामित्व कस्तो छ ?

क. नीज ख. बहालमा

ग. अन्य

३.३ खेतीपाती कति होला?

क. ३० रोपनी भन्दा बढी ख. २० देखि २९ रोपनी

ग. १० देखि १९ रोपनी घ. ० देखि ९ रोपनी

३.४ के कस्तो पशुपंक्षी पाल्नु भएको छ ?

क. राँगा, भैंसी ख. गाई, गोरु ग. खसी बाख्रा

घ. हाँस कुखुरा ङ. सुँगुर च. अन्य

३.५ अन्य आम्दानी स्रोतहरू कही छन् कि ?

क. माछा विक्रि ख. चोयाको सामान ग. काठको काम

घ. फलफूल बिक्रि ङ अन्य

३.६ आफ्नो आम्दानीले कति समय खान पुग्छ ?

क. ०-६ महिना ख. ७-९ महिना

ग. १०-११ महिना घ. १२ देखि माथि

३.७ बढी भएको आम्दानीले के काम गर्नु हुन्छ ?

क. पूरानै काममा लगाउने ख. नयाँ कामधन्दा गर्ने

ग. बचत गरि राख्ने घ. परोपकारको काम गर्ने

३.८ घरको आयस्रोतबाट खान लगाउन नपुग्दा काम खोजन कहाँसम्म जानु हुन्छ ?

क. गाउँ वरिपरि ख. छिमेकी गाउँतिर

ग. काठमाडौं घ. अन्य ठाउँ

३.९ तपाई के काम गर्नुहुन्छ ?

क. खेती ख. व्यापार ग. नोकरी घ. अन्य

३.१० ऋण सापटी दिने गरेको छ कि छैन् ?

क. छ ख. छैन

३.११ ऋण सापटी कोसँग लिनुहुन्छ ?

क. बैंकसँग ख. साहु महाजन तथा आफन्तसँग ग. अन्य

३.१२ व्याजको रूपमा के दिने गर्नु भएको छ ?

क. नगदी ख. जिन्सी ग. अन्य

३.१३ तपाईको परिवारको वार्षिक आय व्यय कति हुन्छ ?

| क.सं. | आम्दानी रकम (रु.मा) | घरपरिवार संख्या | क.सं. | खर्च रकम | घरपरिवार संख्या |
|---|---|---|---|---|---|
| १ | १५ हजार भन्दा कम | | १ | १५ हजार भन्दा कम | |
| २ | १५ देखि ३० हजार सम्म | | २ | १५ देखि ३० हजार सम्म | |
| ३ | ३१ हजार भन्दा माथि | | ३ | ३१ हजार भन्दामाथि | |

३.१४ पशुपंक्षी सम्बन्धी विवरण

| पशुपंक्षी | संख्या | पशुपंक्षी | संख्या |
|---|---|---|---|
| गाई गोरु | | कुखुरा | |
| खसी बाखा | | परेवा | |
| भैंसी राँगा | | अन्य | |

३.१५ घरको प्रकार

| क.सं. | छानाको प्रकार | घरपरिवार |
|---|---|---|
| १ | खर/पराल | |
| २ | टायल | |
| ३ | जस्ता | |
| ४ | ढलान | |

३.१६ व्याजदर कति तिर्नु हुन्छ ?

.............................................................................................................

३.१७ साहु महाजन र आफन्तसँग लिएको ऋणको व्याजदर कति छ?

.............................................................................................................

३.१८ तपाइहरु अधिकांस कृषि क्षेत्रमा पाइयो तपाइको विचारमा यस क्षेत्रलाई अघि बढाउन के के गर्नु पर्ला ?

.............................................................................................

४. शैक्षिक अवस्थ (अभिभावकको लागि मात्र)

| **विवरण** | **पुरुष** | **महिला** |
|---|---|---|
| साक्षर | | |
| निरक्षर | | |
| जम्ममा | | |

४.१ विद्यालयमा जाँदै गरेको र नजाने बालबालिकाहरूको विवरण

| **कक्षा** | **उमेर** | | **छोरा** | | **उमेर** | | **छोरी** | | **घरबाट** |
|---|---|---|---|---|---|---|---|---|---|
| | **जाने** | **नजाने** | **जाने** | **नजाने** | **जाने** | **नजाने** | **जाने** | **नजाने** | **विद्यालयको** |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |
| ८ | | | | | | | | | |
| ९ | | | | | | | | | |
| | | | | | | | | | |

४.२ तपाईका बालबच्चा विद्यालय नगई घरमै बसेका पनि छन् ?

क. छन ख. छैनन्

ग. छन् भने कति जना छन् ? घ. कति बर्षका छन् ? ......................

४.३ विद्यालय नजानुका कारण के हो ?

क. आर्थिक कारण ख. घरायसी कारण ग. विद्यालय टाढा भएर

घ. विद्यालय जान नमानेर ङ. अन्य कारण भए ........................

४.४ तपाईका बालबच्चले विद्यालय छाडेका छन् ?

क. छन ख. छैनन्

ग. यदि छाडेका छन् भने अहिले के गर्दै छन् ?

अ. घरको काममा सहयोग आ. अर्काको घरमा काम गर्दै छन्

इ. गाउँघर छाडेर बाहिर गएका ई. अन्य भए खुलाउने ................

४.५ विद्यालय छाड्नु पर्ने कारण के हो ?

क. कमजोर आर्थिक अवस्था ख. परीक्षामा असफल

ग. घरायसी समस्या घ. विद्यालयमा अपहेलना नभए

ङ. अन्य .....................

४.६ तपाईले पढ्नु भएको छ कि छैन ?

क. छ ख. छैन

४.७ छ भने कति कक्षा सम्म पढ्नु भएको छ ?

..........................................................................................

४.८ छैन भने प्रौढ शिक्षा लिनु भएको छ ?

क. छ ख. छैन

४.९ तपाई कुन तहमा काम गर्नुहुन्छ ?

..........................................................................................

४.१० प्रौढशिक्षा लिनुभएको भए कतिको प्रभावकारी भयो त ?

..........................................................................................

४.११ तपाइको आम्दानी बढाउन सरकारी एवम गैर सरकारी संस्थाले सहयोग गरेका छन की छैनन? छैनन् भने के चाहनु हुन्छ ?

.............................................................................................................

४.१२ ज्याला कति पाउनु हुन्छ ?

.............................................................................................................

४.१० तल दिएका बुँदा मध्ये शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू के के हुन् ?

| क.स | समस्याहरू |
|---|---|
| १ | अभिभावकमा शैक्षिक चेतनाको कमी |
| २ | आर्थिक विपन्नता |
| ३ | गाउँमा शैक्षिक वातावरणका कमी |
| ४ | स्थानीय शिक्षक शिक्षिकाको कमी |
| ५ | घरको काममा सहयोग गर्नुपर्ने |
| ६ | पढाईमा ध्यान नदिने |
| ७ | अभिभावकले समय दिन नसक्नु |
| ८ | शैक्षिक खर्चमा अभाव |
| ९ | सम्बन्धित भाषा शिक्षकमा कमी |
| १० | सुधारात्मक मूल्यांकनको निरन्तरतामा कमी |

४.११ तल दिइएका बुँदाहरू मध्ये शैक्षिक समस्या समाधानका उपायहरू के के हुन् ?

| क.स | समस्या समाधानका उपायहरू |
|---|---|
| १ | रोजगार व्यवस्था हुनुपर्ने |
| २ | चेतनामुलक साक्षरता कार्यक्रम संचालन गर्नुपर्ने |
| ३ | प्रा.वि. स्तरको अनिवार्य निःशुल्क शिक्षाको व्यवस्था |
| ४ | स्थानीय शिक्षक शिक्षिकाको नियुक्ति |
| ५ | घरको काममा सहयोग गर्नुपर्ने |
| ६ | भूमिहिन किसानलाई सरकारबाट जग्गाको व्यवस्था |
| ७ | सम्पूर्ण खर्च सरकारले व्यहोर्नुपर्ने |

# परिशिष्ट दुई (Appendix 2)

**प्रधानाध्यापकलाई सोधिने प्रश्नावली**

विद्यालयको नामः पदः

ठेगानाः लिंग

नामः तहः

शैक्षिक योग्यताः वर्षः

शिक्षण अनुभवः

१. कक्षागत विद्यार्थी भर्ना विवरण २०६३

| कक्षा | कुल विद्यार्थी | | | तामाङ विद्यार्थी | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |

२. तामाङ बालबालिकाको उपस्थिति कस्तो छ ?

......................................................................

३. तामाङ बालबालिकाको शैक्षिक उपलब्धि कस्तो छ ?

क. उच्च ख. मध्यम ग. न्यून

४. तपाई आफ्नो कक्षामा रहेका कमजोर विद्यार्थीहरूलाई के गर्नु हुन्छ ?

क. सजाय ख. समुह छलफल

ग. प्रेरणा घ. अन्य .........................

५. यदि सजाय दिनुहुन्छ भने कस्तो किसिमको सजाय दिनुहुन्छ ?

...................................................................

६. यदि प्रेरणा दिनुहुन्छ भने के के दिनु हुन्छ ?

...................................................................

७. अतिरिक्त क्रियाकलापमा तामाङ बालबालिकाको सहभागिता कस्तो रहन्छ ?

...................................................................

८. विद्यार्थीको कक्षा छाड्ने कति छ ?

...................................................................

९. कुन जातिका विद्यार्थीहरू बढि कक्षा छाड्ने गर्छन् ?

...................................................................

१०. तपाईको विद्यालयमा कार्यरत स्थानीय र बाहिरका शिक्षक कति जना छन् ?

...................................................................

११. स्थानीय शिक्षक तामाङ जातिका छन् कि छैनन् ?

क. छन् ख. छैनन्

१२. तपाईको विचारमा उनीहरूले बीचैमा कक्षा छाड्नुका कारणहरू के के हुन् ?

क. .......................................................

ख. ............................................

१३. तामाङ समुदायको बालबालिकाहरूको शैक्षिक स्थितिका बारेमा कस्तो धारणा रहेको छ ?

क. .........................................................................................

ख. .........................................................................................

ग. .........................................................................................

घ. .........................................................................................

१४.  तपाई विचारमा तामाङ जातिका बालबालिकाको शैक्षिक स्थितिमा सुधार गर्न के के गर्नु पर्ला ?

..............................................................................................

१५.  तपाईलाई तामङ जातिको शैक्षिक क्रियाकलापमा के के समस्या देख्नु भएको छ ? ती समस्या समाधानका उपायहरु के के हुन सक्छन ?

..............................................................................................

१६.  तमाङ विद्यार्थीको उत्तिर्ण प्रतिशत कस्तो छ ?

..............................................................................................

१७.  फेल भएको तामाङ विद्यार्थीहरु पु:न भर्ना हुने गरेका छन की छैनन् ?

..............................................................................................

१८.  तपाइको विचारमा तामाङ जातिका विद्यार्थीहरुले कक्षा दोहोऱ्याउनु पर्ने मुख्य कारणहरु के के हुन जस्तो लाग्छ ?

..............................................................................................

१९.  नि.मा.वि तहमा आएर तामाङ विद्यार्थीको सङ्ख्या कम हुनुको प्रमुख कारण तपाइलाई के के जस्तो लाग्छ ?

..............................................................................................

## तामाङ जातिको शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

| क्र.सं. | समस्याहरू | बारम्बारता | प्रतिशत | जम्मा |
|---|---|---|---|---|
| १ | अभिभावकमा शैक्षिक चेतनाको कमी | | | |
| २ | आर्थिक विपन्नता | | | |
| ३ | गाउँमा शैक्षिक वातावरणको कमी | | | |
| ४ | स्थानिय शिक्षक शिक्षिकाको कमी | | | |
| ५ | घरको काममा सहयोग गर्नु पर्ने | | | |
| ६ | पढाइमा ध्यान नदिनु | | | |
| ७ | अभिभावकले समय दिन नसक्नु | | | |
| ८ | शैक्षिक खर्चको अपुग | | | |
| ९ | सम्बन्धित भाषा शिक्षकको कमी | | | |
| १० | सुधारात्मक मूल्यांकनको निरन्तरतामा कमी | | | |

## शैक्षिक समस्या समाधानका उपायहरू

| समस्या समाधानका उपायहरू | बारम्बारता | प्रतिशत | जम्मा |
|---|---|---|---|
| रोजगारको व्यवस्था हुनुपर्ने | | | |
| चेतनामूलक साक्षरता कार्यक्रम संचालन गर्नुपर्ने | | | |
| अनिवार्य नि:शुल्क शिक्षाको व्यवस्था | | | |
| स्थानीय तामाङ शिक्षक शिक्षिकाको नियुक्ति | | | |
| सम्पूर्ण खर्च सरकारले व्यहोर्नुपर्ने | | | |

# परिशिष्ट तीन (Appendix 3)

**विद्यार्थीका लागि**

नामः कक्षाः

ठेगानाः विद्यालयको नामः

१. तिम्रो बुबा/आमा के गर्नु हुन्छ ?

क. खेतीपाती ख. नोकरी ग. विदेश घ. अन्य .........

२. तिमी कति बर्षका भयौ ?

..........................................................................................

३. कति कक्षामा पढछौं ?

..........................................................................................

४. तिमी कुनै कक्षामा फेल भएका छौ ? कति कक्षामा ?

..........................................................................................

५. के भए तिमी पास हुने थियौ ?

क. छ ख. छैन् ग. ......................

६. तिमीलाई कति कक्षासम्म पढ्न मन लागेको छ ?

..........................................................................................

७. पढेर के बन्ने विचार छ ?

..........................................................................................

८. कापी किताब किन्न कसले पैसा दिन्छ ?

..........................................................................................

९. तिमी विद्यालय नियमित जानेव गरेका छौ ?

..........................................................................................

१०. तिमी विद्यालय नजादा तिम्रो वुवा आमाले के भन्नु हुन्छ ?

..........................................................................................

११. तिमीलाई तिम्रा बुबा आमाले किन स्कुल पठाउनु हुन्न ?

..........................................................................................

१२. तिमी स्कुल नगएको दिनमा विद्यालयले तिम्रा अभिभावक सँग स्कुल नगएको सुचना लिने गरेका छन् ?

..........................................................................................

१३. तिमीले पढाइमा कतिको ध्यान दिने गरेका छौ ?

..........................................................................................

१४. तिमीलाई घरमा पढाउन बुबाआमा वा अन्य अभिभावकले समय दिनु भएको छ कि छैन ?

..........................................................................................

१५. तिमीलाई विद्यालयको लागी चाहिने खर्च पर्याप्त छ कि छैन ?

..........................................................................................

१६. तिम्रो विद्यालयमा नियमित रुपमा परिक्षा हुने गरेको छ ?

..........................................................................................

१७. शिक्षकले गृहकार्य दिनुहुन्छ कि हुदैन ?

..........................................................................................

१८. गृहकार्य परिक्षन गर्नुहुन्छ कि हुदैन ?

..........................................................................................

१९. तिम्रो विचारमा विद्यालयमा तिमीलाई परेका समस्या समाधान गर्न के के गर्नु पर्ला?

..........................................................................................

## तामाङ जातिको शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

| क्र.सं. | समस्याहरू | बारम्बारता | प्रतिशत | जम्मा |
|---|---|---|---|---|
| १ | अभिभावकमा शैक्षिक चेतनाको कमी | | | |
| २ | आर्थिक विपन्नता | | | |
| ३ | गाउँमा शैक्षिक वातावरणको कमी | | | |
| ४ | स्थानिय शिक्षक शिक्षिकाको कमी | | | |
| ५ | घरको काममा सहयोग गर्नु पर्ने | | | |
| ६ | पढाइमा ध्यान नदिनु | | | |
| ७ | अभिभावकले समय दिन नसक्नु | | | |
| ८ | शैक्षिक खर्चको अपुग | | | |
| ९ | सम्बन्धित भाषा शिक्षकको कमी | | | |
| १० | सुधारात्मक मूल्यांकनको निरन्तरतामा कमी | | | |

## शैक्षिक समस्या समाधानका उपायहरू

| समस्या समाधानका उपायहरू | बारम्बारता | प्रतिशत | जम्मा |
|---|---|---|---|
| रोजगारको व्यवस्था हुनुपर्ने | | | |
| चेतनामूलक साक्षरता कार्यक्रम संचालन गर्नुपर्ने | | | |
| अनिवार्य निःशुल्क शिक्षाको व्यवस्था | | | |
| स्थानीय तामाङ शिक्षक शिक्षिकाको नियुक्ति | | | |
| सम्पूर्ण खर्च सरकारले व्यहोर्नुपर्ने | | | |